वर्ष : १७, अंक : २२, काठमाडौं, २०७८ भाद्र २५ गते शुक्रबार, 10 September 2021, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse@gmail.com

## प्रदेश २ मा ८ सय ६६ जनप्रतिनिधि लोसपामा

जनकपुरधाम । प्रदेश २ मा ८ सय ६६ जना स्थानीय तहका जनप्रतिनिधिले लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) मा सनाखत गरेका छन् । प्रदेशका आठवटै जिल्लाका निर्वाचन कार्यालय पुगेर उनीहरुले जनता समाजवादी पार्टी ( जसपा) परित्याग गरी लोसपा रोजेका हुन् । महोत्तरीमा सबैभन्दा धेरै २५८ स्थानीय जनप्रतिनिधिले लोसपामा सनाखत गरेका हुन् । सर्लाहीमा १ सय ३७, रौतहटमा ८८, बारामा १ सय ३८ पर्सामा २८, सप्तरीमा ९६, सिरहामा १२ र धनुषामा १०९ जना जनप्रतिनिधिले लोसपामा सनाखत गरेका हुन् । प्रतिनिधिसभाका १५, प्रदेश २ को प्रदेशसभाका १६, जसापा कार्याकारिणीका १७ सदस्यले लोसपामा सनाखत गरेका छन् ।

## जनलोकपाल आयोग गठन

जनकपुरधाम । प्रदेश २ सरकारले आर्थिक अनुशासन तथा सुशासन बहाल गर्न प्रदेश जनलोकपाल आयोग गठन गरेको छ । प्रदेश २ मा बढ्दो अनियमितताको तथ्यांकले आलोचित प्रदेश सरकारले आलोचना मत्थर पार्न जनलोकपाल आयोग गठन गरेको हो । अध्यक्षसहित तीन सदस्यीय रहेको उक्त आयोगमा नवनियुक्त राम सहाय यादवको अध्यक्षतामा गठित जनलोकपाल आयोगको सदस्यहरू शोभा महतो र राजकिशोर साहलाई प्रदेश प्रमुख हरिशंकर मिश्रले पद तथा गोपनीयताको सपथ गराए । आयोगका नवनियुक्त पदाधिकारीहरुले ग्रामीण प्रशिक्षण केन्द्र मुजेलियास्थित आयोगको कार्यालयमा पदभार ग्रहण गरेका छन् ।

# मधेशमा जसपा र लोसपाको तागत कति ?

## लोसपा र जसपालाई एकअर्काको शक्ति ध्वस्त पार्ने चुनौती छ

मधेशवाणी डेस्क

काठमाडौं । प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारले भदौ २ मा ल्याएको दल विभाजनसम्बन्धी अध्यादेशका आधारमा जसपाबाट अलग्गिएका महन्थ ठाकुर पक्षले लोकतान्त्रिक समाजवादी पार्टी लोसपा दर्ता गराएको छ ।

जसपा र लोसपा दुवैले आफूलाई राष्ट्रिय दल भनेर परिचय गराए पनि उनीहरूको तागत भनेको मधेश नै हो । जसको पुष्टि जसपा-लोसपाबीच जनप्रतिनिधिहरुको सनाखतको क्रममा भएको छ ।

दल विभाजनले जसपालाई त्यतिको असर नपरे पनि लोसपालाई ठूलै क्षति भएको छ । महन्थ ठाकुरसहित ६ जना अध्यक्षमण्डल रहेको तत्कालीन राष्ट्रिय जनता पार्टी (राजपा) का दुईजना अध्यक्ष मण्डल सदस्य राजकिशोर यादव र महेन्द्र राय यादव जसपामै छन् । उनी दुवैजनाको मधेशमा बलियो पकड छ ।

गत प्रदेश र स्थानीय तह निर्वाचनको परिणामअनुसार प्रदेश २ मा उपेन्द्र यादव नेतृत्वको तत्कालीन संघीय समाजवादी पार्टीले २९ प्रदेशसभा सदस्य र २६ स्थानीय तहमा प्रमुख जितेको थियो । स्वतन्त्र निर्वाचित प्रदेशसभा सदस्य अब्दुल कलाम सामाजवादीमा प्रवेश गरेपछि सिट संख्या ३० पुगेको थियो । तत्कालीन राजपाले २५ प्रदेशसभा सदस्य र २५ स्थानीय तहमा





प्रमुख जितेको थियो ।

प्रदेश २ मा १ सय ७ सदस्यीय प्रदेशसभा र १ सय ३६ स्थानीय तह छन् । संघीय समाजवादी र राजपाबीच एकीकरण भएपछि प्रदेश २ मा ५५ सांसदसहित जसपाको बहुमतको सरकार थियो । तर, पार्टीको निर्णयविपरीत ओली नेतृत्वको सरकारमा ठाकुर पक्ष सहभागी भएपछि जसपामा विभाजन भयो । विभाजनपछि जसपातिर ३९ सांसद खुलेका छन् । जसमा ठाकुर पक्षका नवलकिशोर साह, रामनरेश राय, मनीष सुमन, सुरेश मण्डल, अन्जु यादव, नीरा साह, बिकी यादवलगायत छन् । लोसपातिर १६ सांसद छन् । लोसपालाई प्रदेश २ मा आफ्नो तागत पूर्ववत् अवस्था फर्काउने चुनौती छ भने जसपालाई लोसपाको तागत ध्वस्त पार्ने चुनौती छ ।

प्रदेश २ मा जसपा लोसपाबीच तानातानको अवस्था रहे पनि प्रदेश १ मा जसपाको एकल वर्चस्व छ । प्रदेशसभामा जसपाको एक निर्वाचित र दुई सामानुपातिक गरी तीनजना प्रदेश सांसद छन् ।

विभाजनले मधेशमा वैकल्पिक शक्ति बनाउने सपना बोकेका नेताहरुले आफ्नो सपनालाई आफैले तुहाएका छन् । गठन भएको १६ महिनामै जनता समाजवादी पार्टी विभाजित भएको छ । यो विभाजन अरु कसैबाट नभई पार्टीकै नेताहरुको अहमको परिणाम हो ।

जसपालाई मधेशको वैकल्पिक शक्ति बनाउने सपना जनताको थिएन, पार्टीकै नेताहरुको थियो । जब पार्टी नै विभावन भएको छ, त्यो सपना पूरा हुने फगत गफ मात्र हुनेछ अब ।

२०७७ बैशाख १० गते मध्यरातमा हतारहतारमा तत्कालीन राष्ट्रिय जनता पार्टी र समाजवादी पार्टीबीच एकीकरण गरी जनता समाजवादी पार्टी गठन गरिएको थियो । गठन भएको एक वर्ष नबित्दै पार्टीभित्र गम्भीर विवाद सिर्जना भयो र अन्नतः दुई चिरामा विभक्त भयो ।

सरकारले पार्टी विभाजन र गठनका लागि सजिलो हुनेगरी राजनीतिक दलसम्बन्धी ऐन अध्यादेश संशोधन गरेपछि ठाकुर पक्षले नयाँ पार्टी गठन गरेका हुन ।

बाँकी अन्तिम पृष्ठमा

# उपेन्द्र यादवले मधेशभन्दा पनि जातिवादी विषपूर्ण राजनीतिलाई प्रश्रय दिए : महतो

जनकपुरधाम । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका वरिष्ठ नेता राजेन्द्र महतोले उपेन्द्र यादवले मधेशभन्दा पनि जातिवादी विषपूर्ण राजनीतिलाई प्रश्रय दिएको आरोप लगाएका छन् । उनले अहिले केही व्यक्तिलाई फाइदा भए पनि आउने दिनमा मधेसलाई गम्भीर क्षति हुने चेतावनी दिए ।

जनकपुरमा सञ्चारकर्मीसँग कुराकानी गर्दै महतोले आफूलाई मधेसमा एउटा वैकल्पिक शक्ति निर्माणको लागि अग्रसर भइरहेको अवस्थामा उपेन्द्रसँग पार्टी एकता गरे पनि उनले धोका दिएको आरोप लगाए । उनले भने, 'हामी मधेसी एकतावाद जिन्दावादको नारा लगाउँदै थियो, उपेन्द्रसँग एकता गरियो । तर उनले एकतालाई गलत रुपमा बुझे । जसकारणले एकता टिकेन ।'

महतोले मधेशको जनतालाई अब मुर्ख बनाउन नसकिने भन्दै सारा परिस्थितिको विषयमा जनता जानकार रहेको कारणले आउने दिनमा सबै परिस्थितिलाई लिएर



जनताको बिचमा जाने बताए ।

उनले केही व्यक्तिलाई लोभ दिएर आफूतर्फ ताने पनि केही दिनमा उनीहरुको भ्रम निवारण भएर पछुतो मात्रै गरिने ठाउँ रहेको बताए । तपाईहरुको धेरै कार्यकर्ताहरु उपेन्द्र यादवतिर गएको प्रश्नमा महतो आफूहरु पार्टी बनाउन खोजेको कारणले उनीहरुको स्वार्थलाई पूर्ति गर्न नसक्दा उता गए पनि आउने दिनमा उपेन्द्रको साथ छाड्ने दाबी गरे । महतोले उपेन्द्र यादव अहिले पनि कम्युनिस्ट मानसिकताबाट माथि उठ्न नसकेको बताउँदै उपेन्द्र पक्षले देखावटी रुपमा मधेसको कुरा गरेपनि वास्तविकरुपमा मधेस पक्षधर नरहेको अरोप लगाए ।

महतोले पार्टी निर्माणको क्रममा आफूहरु निस्वार्थभावले लागे पनि त्यसलाई उपेन्द्र यादवले दुरुपयोग गरेको र आफ्नो पार्टीलाई फुटबाट जोगाउनको निमित्त प्रयोग गरेको आरोप लगाए । महतोले वर्तमान सरकारलाई माग मुद्दाको आधारमा समर्थन गरिएको र प्रतिबद्धताअनुसार मधेशको मुद्दा सम्बोधन नगरे देउवा सरकारविरुद्ध सडकमा उत्रिने चेतावनी दिए । वर्तमान सरकारको व्यवहारअनुसार लोसपाले सरकारको विरोध र आलोचना गर्ने महतोको भनाइ छ ।

# लोसपाले मधेशमा भ्रमको खेती गरिरहेको छ : यादव

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले महन्थ ठाकुरको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) राजनीतिक दल नभई केपी शर्मा ओलीको मतियार भएको आरोप लगाएका छन् । प्रदेश २ को जसपा संसदीय दलको बैठकलाई सम्बोधन गर्दै अध्यक्ष यादवले लोसपा दल नभएका कारण यसबाट देश र जनताको भलो नहुने टिप्पणी गरे ।

तत्कालीन राजपा र तत्कालीन समाजवादी पार्टीबीच एकीकरण भई गठन भएको जसपामा अझै पनि पूर्व राजपाका ८० प्रतिशत नेता कार्यकर्ता रहेको भन्दै उनले नेपालको राजनीतिमा महत्वपूर्ण ठाउँ ओगटेको जसपालाई बेवास्ता गरेर कोही अगाडी बढ्न नसक्ने बताए । उनले भने, 'अब देशको राजनीतिक दिशानिर्देश जसपाले गर्ने छ ।' हरेक ठाउँमा जसपासँग साझेदारी गरेरमात्र कुनै पनि राजनीतिक शक्ति अगाडि बढ्न सक्ने गरी आफ्नो पार्टी स्थापित भएको उनले बताए । अध्यक्ष यादवले



महन्थ ठाकुर नेतृत्वको लोसपा कदापि राजनीतिक शक्ति बन्न नसक्ने दाबी गरे । लोसपाले मधेशमा लोभ, लालच र भ्रमको खेती गरिरहेको आरोप लगाउँदै उनले भने, 'जुन दिन महन्थ ठाकुर र राजेन्द्र महतो लगायतका केही नेताहरु केपी शर्मा ओलीको पछि लागे, त्यस दिन नै उनीहरूको पतन भइसक्यो ।'

लोसपाका पक्षमा आफ्ना केही प्रदेशसभा सदस्यहरूले सनाखत गर्न थालेपछि प्रदेश सांसदहरूको परीक्षण गर्न जसपाले संसदीय दलको बैठक बोलाएको हो । बैठकमा संगठन सुदृढीकरण, प्रदेश २ सरकारको समीक्षा एवं जनजागरण अभियान लगायतका विषयमा छलफल हुनका साथै सांसदहरुको गुनासोलाई पनि सुन्ने पहल भएको थियो । जसपाको प्रदेश २ संसदीय दलका नेतासमेत रहेका मुख्यमन्त्री लालबाबु राउतको अध्यक्षतामा बसेको बैठकमा अधिकांश प्रदेश सांसदले प्रदेश सरकारको कार्य शैलीप्रति असन्तुष्टि व्यक्त गर्दै सरकारलाई आफ्नो गतिविधि सुधार्न र कमी कमजोरीहरूलाई आत्मसात गर्न सुझाव दिएका थिए ।

बैठकमा जसपाका नेताहरु महेन्द्र राय यादव, राजकिशोर यादव, मृगेन्द्रकुमार सिंह यादव, रेणु यादव लगायत पार्टीका कार्यकारिणी सदस्य तथा प्रदेश सांसदहरूको उपस्थिति थियो ।

# प्रदेश २ प्रदेशसभामा अब ७ दल

जनकपुरधाम । प्रदेश २ को प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलको संख्या ७ पुगेको छ । सरकारले दल विभाजनसम्बन्धी अध्यादेश ल्याएपछि जसपा फुटेर बनेको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र एमाले फुटेर बनेको नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) प्रदेशसभामा क्रमशः तेस्रो र चौथो ठूलो दल बनेका छन् । पार्टी विभाजनअघि प्रदेशसभामा जनता समाजवादी पार्टीसँग ५५ जना सांसद थिए । त्यस्तै नेकपा एमालेसँग २१, नेपाली कांग्रेससँग १९, नेकपा माओवादी केन्द्रसँग ८ र नेपाल संघीय समाजवादी पार्टीका १ जना सांसद थिए । पार्टी विभाजनपछि जसपाबाट १६ जना प्रदेशसभा सदस्यले महन्थ ठाकुरको लोसपा रोजेका छन् । यस्तै एमालेका १३ जना प्रदेशसभा सदस्यले माधव नेपाल नेतृत्वको नेकपा (एस) रोजेको प्रदेश निर्वाचन कार्यालयले जनाएको छ ।

आयोगले जनप्रतिनिधिलाई भदौ २२ गतेसम्म दल रोज्न समय दिएको थियो । थप दुई वटा नयाँ दल निर्वाचन आयोगमा दर्ता भएपछि प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलको संख्या ७ पुगेको हो । अब प्रदेश २ को प्रदेशसभामा जसपा ३९ जना प्रदेशसभा सदस्यसहित सबैभन्दा ठूलो दलको रुपमा कायमै रहेको छ । तेस्रो दलको रुपमा रहेको कांग्रेस एमाले र जसपा विभाजन पश्चात १९ जना प्रदेशसभा सदस्यसहित दोस्रो दल बनेको छ । त्यस्तै नवगठित पार्टी लोसपा १६ जना प्रदेशसभा सदस्यसहित तेस्रो दल बनेको छ भने नेकपा एमालेबाट फुटेर बनेको दल नेकपा (एस) चौथो ठूलो दल बनेको छ । पार्टी विभाजनअघि दोस्रो ठूलो दलको रुपमा रहेको एमाले अब ८ जना प्रदेशसभा सदस्यमा सीमित भएको छ । त्यस्तै नेकपा माओवादी केन्द्रसँग समेत ८ जना सांसद रहेका छन् भने नेपाल संघीय समाजवादी पार्टीसँग १ जना प्रदेश सांसद रहेका छन् ।

प्रदेश सरकार गठन भएपछि मधेशवादी दल राजपा र समाजवादी पार्टी नेतृत्वमा प्रदेश २ मा सरकार बनेको थियो । पछि पार्टी एकता भएपछि जसपाको नेतृत्वमा सरकार रहेको थियो भने बाँकी दल विपक्षमा रहेका थियो ।

# पाँच वर्षभित्र मधेशलाई कृषिमा आत्मनिर्भर बनाउँछौं

कृषि मात्र एउटा यस्तो माध्यम हो जसबाट मधेश र नेपाललाई आत्मनिर्भर बनाउन सकिन्छ । यसमा कुनै अन्य विकल्प छैन । कृषिमा आत्मनिर्भर बनाउने कुरा हरेक राजनीतिक दलले गर्छन् । उनीहरुलाई पनि थाहा छ कि यो मुद्दा सबभन्दा बलियो हो । यही मुद्दामा जनतालाई बारम्बार ठग्दै आएका छन् । तर कृषिबाट वास्तवमा आत्मनिर्भर बनाउन सकिन्छ भन्ने कुरालाई व्यवहारमा उतार्नका लागि मैले दुई वर्षदेखि कृषि क्रान्ति अभियानमा लागेको छु । म अहिले लगभग ८ बिघामा माछा पालन गर्दै छु, चार बिघामा सुन कागती, सा-आठ बिघामा केरा खेती, तरकारी खेती १० बिघामा, मेवा पनि पाँच-छ बिघामा लगायतका तरकारी, फलफुल, माछामासु, अण्डा उत्पादन गर्दै आएको छु । हामीले उत्पादन गर्ने खाद्यवस्तुहरुको बजार व्यवस्थापन मुख्य चुनौती हो । किसानले उत्पादन गरेको वस्तुहरु बजारसम्म पुऱ्याउन अलि अप्ठ्यारो देखिएका छन् ।

विदेशिन बाध्य भएका युवाहरुलाई कृषि क्रान्तिमा लगाउने मेरो सोच हो । म युवाहरुलाई आह्वान गर्न चाहन्छु कि अब अरुको देशमा गएर दासताको



जीवन बिताउनुभन्दा आफ्नै देशमा मिहेनत गरौं । विदेश जाने बाध्यतालाई हामीले केही दिनमै अन्त्य गर्न सक्छौं । हामीले एउटा टिम बनाएका छौं । जसले कृषि कर्म गर्नका लागि विभिन्न किसिमको सहयोग र अवसर दिन्छ । यदि कुनै युवाले कृषि कर्म गर्न चाहन्छ भने उसको लागि हामीले लगानी पनि गर्न सक्छौं ।

अहिलेसम्म कृषि क्षेत्रमा युवाहरु लाग्न नसक्नुको पछाडि सरकारकै हात देखिन्छ । किनभने कृषि क्षेत्रका लागि सरकारले ठूलठूला नारा दिन्छन् तर सो अनुसार लगानी देखिँदैन । कृषिबाट पलायनको अवस्था छ अहिले । किसानले समयमा मल खाद्य पाउँदैन, उन्नत जातका बीउ पाउँदैन, बजार व्यवस्थापन छैन । सरकारले हरेक ठाउँमा दलाल खडा गरिसकेको छ । किसानलाई यदि सरकारले समयमा विभिन्न उपकरणका साथै मल खाद्य उपकरण गराइदियो भने उत्पादनमा वृद्धि हुन्छ, त्यसबाट आय आर्जन हुन्छ । भन्नका लागि अहिले मुलुकमा तीन तहको सरकार छ तर कृषिका लागि सबै



जासर यादव

नारामा लगाएका छन्, व्यवहारमा देखिएको छैन । अहिले मधेशका लगभग ७६ प्रतिशत मानिस कृषिमा निर्भर छन्, त्यसबाट सन्तोषजनक लाभ लिन सकिरहेको छैन ।

हाम्रो अभियानअन्तर्गत करिब पाँच वर्षभित्र मधेशलाई कृषि क्षेत्रमा आत्मनिर्भर बनाउने उद्देश्य लिएका छौं । मधेशलाई कृषिमा एउटा पर्यटन क्षेत्र बनाउने योजनाअन्तर्गत अहिले काम गरिरहेको छु । पाँच वर्षभित्र मधेशमा फलफुल, तरकारी, माछा, मासु, अण्डा, तरकारी लगायत

बाँकी अन्तिम पृष्ठमा

## सम्पादकीय

# मधेशको आँखाबाट एमसीसी

अमेरिकाले अघि सारेको मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) को चर्चा यतिवेला उत्कर्षमा छ। कार्यान्वयन हुन संसद्बाट पारित गर्नुपर्ने प्रावधानका कारण सरकारले मन्त्रिपरिषद्बाट निर्णय गरेर संसद् सचिवालयमा दर्ता गरेको पनि वर्षो बितिसक्यो।

तर, प्रक्रिया अगाडि नबढेका कारण थप विवाद र बहसको समय प्राप्त भएको छ। ५०० मिलियन अमेरिकी डलर (करीब रु.५५ अर्ब) को उक्त परियोजनामा अमेरिकासँग सन् २०१६ मा हस्ताक्षर भएको थियो। यो परियोजना अमेरिकाले अघि सारेको इण्डो-प्यासिफिक स्ट्राट्जी (आईपीएस) को अङ्ग भएका कारण नेपाल स्वतः अमेरिकी सैनिक गठबन्धनमा सामेल हुने, देशको सार्वभौमसत्तामा आँच आउने र असंलग्न परराष्ट्र नीतिको बर्खिलाप हुने भन्दै संसद्बाट अनुमोदन गर्न नहुने आवाज पनि उठेको छ। भौगोलिक र जनसांख्यिक रूपमा नेपाल सानो राष्ट्र नभए पनि शक्ति संरचना र प्रभावका हिसाबले विश्व राजनीतिमा गणनामा आउँदैन। इतिहासमा कसैको उपनिवेश नभएको देश विकास र समृद्धिका हिसाबले विश्वका गरीब राष्ट्रहरूको पंक्तिमा किन परिरहेको छ, भन्ने आजको प्रश्न हो।

विश्व ब्याङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष, एशियाली विकास ब्याङ्क जस्ता संस्थाहरूका साथै विभिन्न देशबाट हामीले ऋण लिएकै छौं। एमसीसी मार्फत अमेरिकाले दिएको रु.५५ अर्ब भने अनुदान हो। शान्ति र स्थिरता, भूकम्पपछि पुनर्निर्माणको तीव्रता र सहज तरिकाले पूँजी परिचालन जस्ता विषयले पछिल्ला चार वर्षमा हाम्रो अर्थतन्त्रलाई गति पनि दिएका छन्।

**पार्टी विभाजनपछि अहिले दुईवटा मधेशी दल अस्तित्वमा रहेको छ। पहिला एउटा मात्र जसपा भएपनि उसले एमसीसीको विषयमा कुनै धारणा बनाएन। अहिले जसपा र लोसपा दुईटा दल भए पनि एमसीसीको विषयमा उनीहरुलाई न चासो छ न त कुनै धारणा नै।**

जम्माजम्मी रु.१५ खर्बको बजेट छ, त्यसमध्ये रु.१० खर्ब जति साधारण खर्च अर्थात् तलबभत्ता, प्रशासनिक खर्च आदिमा सकिन्छ भने बाँकी रु.५ खर्ब पनि हामीले विकास निर्माणमा पूरा खर्च गर्न सक्दैनौं। यो खर्चले दोहोरो अङ्कको आर्थिक वृद्धिदर असम्भव हुन्छ। त्यसैले पनि हामीलाई विदेशी प्रविधिसँगै पूँजी अत्यन्तै आवश्यक छ।

यो परियोजना पाँच वर्षभित्र पूरा गर्नैपर्ने, अन्यथा रकम फिर्ता गर्नुपर्ने प्रावधान छ। उक्त परियोजनालाई हामीले अन्तरदेशीय विद्युत् प्रसारण लाइन निर्माणमा खर्च गर्ने योजना बनाएका छौं।

ठूला शक्तिका बीचमा रहेका साना राष्ट्रहरूका केही संवेदनशीलता हुन्छन्। अझ छेउमै विशाल र विश्वको एक नम्बर शक्ति बन्ने दौडमा रहेको चीन भएका कारण उसँगको प्रतिस्पर्धी अमेरिकासँग सम्बन्ध राख्दा केही बिग्रिन्छ कि भन्ने मनोविज्ञानले पनि हामीकहाँ एमसीसी कार्यान्वयन अप्ठेरोमा परेको हुनुपर्छ। तर, तमाम विरोध र विमतिका बावजूद पनि विश्वमा सबैभन्दा ठूलो व्यापार अमेरिका र चीनको बीचमै छ।

एमसीसी कार्यान्वयनमा मधेशी दलहरुमा पनि द्विविधाको देखिएको छ। ती दलहरु एमसीसीको सवालमा केही कतै बोलेको, चर्चा गरेका वा बहस गरेको पाइँदैन। यस्तो लाग्छ एमसीसीबारे बहस गर्ने जिम्मा काँग्रेस, एमाले र माओवादी कै हो।

एमसीसीमा अमेरिकी स्वार्थ छै वा छैन भनेर मधेशी दलको कुनै धारणा अहिलेसम्म आएको छैन। आफूलाई राष्ट्रिय पार्टी भन्ने तर राष्ट्रिय सरोकारको विषयमा धारणाविहीन भएर बस्ने पक्कै उच्चस्तरको राजनीति होइन।

पार्टी विभाजनपछि अहिले दुईवटा मधेशी दल अस्तित्वमा रहेको छ। पहिला एउटा मात्र जसपा भएपनि उसले एमसीसीको विषयमा कुनै धारणा बनाएन। अहिले जसपा र लोसपा दुईटा दल भए पनि एमसीसीको विषयमा उनीहरुलाई न चासो छ न त कुनै धारणा नै।

केही दिन अघि काठमाडौंमा भएको एक कार्यक्रममा लोसपाका नेता लक्ष्मणलाल कर्णले एमसीसीबारे पार्टीले कुनै धारणा नबनाएको बताएका थिए। उनको यो भनाइबाट पनि लोसपाले एमसीसीलाई महत्व नदिएको प्रष्ट हुन्छ। देशकै विवादित बनेको विषयमा राष्ट्रिय दलबाट नै यस्तो प्रकारको द्विविधा हुनु पक्कै राम्रो संकेत होइन।

# राजनीतिक बद्नियती र देशको भविष्य

**विचार - विश्लेषण** भाग-१०७



**उपेन्द्र झा**

**राजनीतिकर्मीहरुको बदनियतीका कारण सिंगै शासक प्रणाली नै ध्वस्त भएको अवस्थामा सच्चा देशभक्त सरकार चुलाउन पाउँदैन, भ्रष्ट आचरणका जनप्रतिनिधि नै सरकार चलाउँछन्। छल, प्रपञ्च, जाल, फरेब, धोका राजनीतिमा जायज त्यो बेला मानिन्छ जुन बेला सरकार देश र जनताको हितमा कदम बढाउँछ। अन्य समयमा यी तत्वहरु राजनीतिको मापदण्ड हुन सक्दैन।**

सत्तापक्ष र विपक्षको चर्को बहसमा परेको एमसीसी परियोजनाबाट राजनीति एकपल्ट फेरि तरंगित भएको छ। एमसीसी पास गराउन सरकारले गत भाद्र २३ गते संसद बोलाएको छ। नो एमसीसीको प्लेकार्ड बोकेको जुलुस आजभोलि सडकमा देखिन थालेको छ। संसद बस्ने दिनको पूर्वसन्ध्यामा विद्यार्थी संगठनहरुबाट निकालिएको ठूलो जुलुसमाथि प्रहरीले दमन पनि गरेको छ। जालझेलको राजनीतिबाट चलेको देशमा प्रहरीले जुलुसलाई नियन्त्रण गर्न खोजेको हो कि जुलुसलाई निरन्तरता दिन ? नियत संदिग्ध नै लाग्छ।

सत्तापक्षको सफाई के छ भने अनुदानको रुपमा अमेरिकाबाट आएको एमसीसी विकास परियोजनाको सहयोग राशी यति ठूलो हो कि देश आत्मनिर्भर बन्न सक्छ। साँवा र ब्याज केही भुक्तान गर्न नपर्ने अमेरिकी सहयोगको विरोध गर्नु नितान्त पटमुर्खता हो। एमसीसीको विरोध गर्नेलाई सरकारले पक्राउ गर्न सक्ने कुरा पनि भनेको छ। जसरी भए पनि एमसीसी पास गराउने देउवा सरकारको दृढताले एमसीसी विरोधको आधार बढ्न थालेको छ।

चीनको गहिरो प्रभावमा रहेको नेकपा (एमाले) को अध्यक्ष केपी शर्मा ओलीको सरकारले एमसीसी पास गराउन अमेरिकी दूतावाससँग पटक-पटक म्याद लिएर पनि आफ्नै पार्टीका सहकर्मी तथा सांसदको ठूलो हिस्साबाट सहयोग नपाएर पास गराउन सकेन। अमेरिकी असन्तुष्टताले केपी शर्मा ओलीमाथि विश्वास गर्न छाडेर आफू सन्निकट रहने शेरबहादुर देउवालाई प्रधानमन्त्री बनायो। शेरबहादुर देउवा सरकारको पहिलो प्राथमिकता परेको एमसीसी विकास परियोजना पास गराउने दायित्वले शेरबहादुर देउवालाई बढी आक्रामक बनाएको छ।

आफ्नो कार्यकालमा एमसीसी पास हुन नदिन, चुनावी सरकार रहन नदिन आफ्नो सहकर्मी लगायत सबै राजनीतिक दलहरुले गठबन्धन बनाएर आफ्नो स्वार्थ पूरा हुन नदिँदा अहिले गठबन्धन सरकारको स्वार्थ पूरा गर्ने अभियानमा केपी शर्मा ओलीको समर्थन नरहन सक्दछ। सार्वजनिक रुपमा ओली एमसीसीको पक्षमा मन्तव्य दिएपनि उनको पार्टीका उपाध्यक्ष भीम रावल विरोधमा देखिएका छन्।

अमेरिकी सूचिबाट आफ्नो आतंकवादी नाम हटाउन बाध्यात्मक अवस्थामा एमसीसीको कित्तामा उभिएको प्रचण्ड पनि यथास्थितिमा पास गराउन मिल्दैन भन्छन्। माओवादीका प्रभावशाली नेता देव गुरुङ एमसीसी राष्ट्रघाती सम्झौता हो भनेर व्याख्या गरेका छन्। नेपाली कांग्रेसका प्रगतिशील विचारका युवा नेताहरु पनि एमसीसी दस्तावेज संशोधन गरेर पास गर्ने कुरा भनिरहेका छन्।

अमेरिकापछि विश्वको दोस्रो ठूलो अर्थतन्त्रमा विकसित गरेको चीन अहिले बीआरआईको माध्यमबाट पूरै विश्वलाई सडक सञ्जालबाट जोड्ने महत्वाकांक्षी रणनीतिलाई रोक्न अमेरिकाले इण्डो प्यासिफिक रणनीति ल्याएको छ। यसको दोस्रो प्रमुख साझेदार भारत हो। दक्षिण एशियाका गरीब मुलुकलाई ऋण सहयोग दिई गुलाम बनाउँदै अगाडि बढ्ने चीनको खतरनाक रणनीतिले भारतलाई धेरै परेशान गरेको छ। दक्षिण एशियामा चीनको प्रभावलाई रोक्न ल्याइएको इण्डो-प्यासिफिक रणनीतिसँग भारत जोडिनु स्वाभाविक हो। चीनलाई नजिकबाट हेर्ने नियतका साथ ल्याइएको एमसीसी इण्डो प्यासिफिक सैन्य रणनीतिकै अंग हो। यसलाई अन्यथा नसोच्न विकास परियोजनाको आवरण दिएको हो।

चीनको बढ्दो प्रभुत्वले गलवान, लद्दाख र डोकलाममा भारतलाई मुठभेडका लागि उक्साइरहेको छ भने साउथ चाइना सीका देशहरुलाई चैनसँग बस्न दिएको छैन। आफ्नो सीमाको चारैतिर सीमा विवाद उठाएर मुठभेडका लागि देशहरुलाई उक्साउने चीनको खतरनाक चाललाई मात दिन अमेरिका नेपाललाई रोजेको छ। नेपाली कांग्रेसको नेतृत्वमा गठबन्धन सरकारले एमसीसी पास गराउन व्यापक तयारी गरेको कुराबाट चीन चिन्तित मात्र होइन, आतंकित भएको छ। एमसीसीको विरुद्ध भाँडभैलो मचाउन चीन पनि आक्रामक रुपमा सक्रिय छ।

नेपालको राजनीतिमा आफ्नो स्वार्थको अनुकूलता खोज्ने शक्तिकेन्द्र तथा तीनवटा निर्देशित राजनीतिक दलहरुको बद्नियतका कारण राजनीतिको स्वच्छ छवि नै हराएको छ। राजनीतिक स्तरहीनताका कारण सबै समर्पणवादी भएका छन्। आफ्नो स्वार्थपूर्तिका लागि शक्तिकेन्द्रका गुलाम बनेका राजनीतिकर्मीहरु देशप्रतिको जिम्मेवारी, स्वाभिमान, स्वतन्त्र चिन्तन सबै गुमाएर शक्तिकेन्द्रको इशारामा हिंडेका छन्।

वैदेशिक सहायता लिनु अपराध होइन, तर देश र जनतालाई बेचेर लिनु राष्ट्रघात हो। अमेरिकाले चीनसँग लड्न नजिकको युद्ध मैदान खोजिरहेको छ। चीनलाई सवक सिकाउन नेपाल उपयुक्त स्थान रहेकोले यसलाई आफ्नो कब्जामा लिन विकास परियोजनाको यति ठूलो धनराशी अनुदानमा दिन खोजेको हो। निःस्वार्थ भावले दिन चाहेको भए नेपालको अस्तित्व नै मेटिने गरी अमेरिकाले शर्त किन अगाडि सारेको हो ? एमसीसी दस्तावेजको नेपाली अनुवाद पनि बुझ्न नसकेको यो सरकारले एमसीसी शर्तको अर्थ बुझाई दिन अमेरिकी राजदूतावासमार्फत् एमसीसी मुख्यालयलाई पत्रचार गरेको छ।

बौद्धिक बहसमा आएका एमसीसीका शर्तहरु संविधान, नियम कानून तथा सरकारभन्दा माथि रहने संकेत दिएको छ। संसदबाट अनुमोदित गरी एमसीसी नेपालमा स्थायी रुपमा बस्न खोजेको लाग्छ। सामरिक महत्वका सामान राख्न, प्रयोग गर्न, सो स्थानमा पूर्ण वर्चस्व कायम गरे मात्र चीनलाई स्थायी रुपमा रोक्न सकिन्छ। कुनै कानूनबाट एमसीसीलाई व्यवधान पुऱ्याउन नसकिने, एमसीसी टीमलाई परियोजना समाप्त भए पनि फिर्ता पठाउन नसक्ने सर्वाधिकार चाहिएको छ। धनका भोका राजनीतिकर्मीहरु अनुदानका ठूला रकम हेर्छु। देश अमेरिकाको अधिनमा जाने कुरा हेर्दैनन्। चीन हमलाको आक्रामक शैली रोक्न उत्तिकै आवश्यक छ तर आफ्नो देशलाई अर्कोको हातमा दिएर चीनलाई रोक्ने प्रक्रिया राष्ट्रघाती नै हो।

राजनीतिकर्मीहरुको बदनियतीका कारण सिंगै शासक प्रणाली नै ध्वस्त भएको अवस्थामा सच्चा देशभक्त सरकार चुलाउन पाउँदैन, भ्रष्ट आचरणका जनप्रतिनिधि नै सरकार चलाउँछन्। छल, प्रपञ्च, जाल, फरेब, धोका राजनीतिमा जायज त्यो बेला मानिन्छ जुन बेला सरकार देश र जनताको हितमा कदम बढाउँछ। अन्य समयमा यी तत्वहरु राजनीतिको मापदण्ड हुन सक्दैन। यसले देशमा बेथिति नै बढाउँछ।

janukjha24@gmail.com

# गलत ढंगले सयौं सरकार जन्माइयो : पूर्वमन्त्री साह

काठमाडौं, १९ भाद्र। पूर्वमन्त्री प्रभु साहले नेपालमा गलत ढंगले सयौं सरकार जन्माइएको भन्दै ७६१ सिंहदरबारको भार देशले थेग्न नसक्ने बताएका छन्।

शनिबार काठमाडौंमा आयोजित काठमाडौं-प्रदेश २ सम्पर्क मञ्चसँगको छलफलका क्रममा पूर्वमन्त्री साहले नेपालको सन्दर्भमा ७६१ वटा सरकार रहने व्यवस्था लादेर मुलुकलाई अस्तव्यस्त बनाएको टिप्पणी गरे।

क्षेत्रफलमा विशाल र आर्थिक रूपमा अग्रस्थानमा रहेका देशहरूमा ५०/६० वटा मात्र सरकार रहेको भन्दै उनले नेपालमा गलत ढंगले सयौं सरकार जन्माइएको बताए।

उनले संसारमा कहिँ पनि नभएको ७६१ वटा सरकार नेपालमा मात्र रहेको, शासक वर्गलाई आरक्षण नेपालमा मात्र रहेको, पक्षपातपूर्ण राजस्व बाँडफाड नेपालमा मात्र रहेको, अरु देशको नागरिकता लिइसकेको व्यक्तिलाई पनि नागरिकता दिनेजस्ता व्यवस्थाहरू नेपालमा मात्र रहेकोले देशलाई खोक्रो बनाउने कार्य भइरहेको टिप्पणी गरे।

'संसारमा काहिँ नभएको तीन तहको सरकार नेपालमा छ। दर्जनौ संवैधानिक निकाय नेपालमा मात्र छन्। संसारमा काहिँ नभएको शासक वर्गलाई आरक्षण नेपालमा छ। पक्षपातपूर्ण राजस्व बाँडफाड नेपालमा मात्र छ। अरु देशको नागरिकता लिइसकेको व्यक्तिलाई पनि नागरिकता दिने व्यवस्था नेपालमा छ। देशलाई खोक्रो बनाउने यस्ता व्यवस्था राखेर महान कार्य गर्यौं भन्न अलिकिति पनि लाज नमान्नेहरू पनि छन्', पूर्वमन्त्री साहले भने।

पूर्वमन्त्री प्रभु साहले संविधानसभाबाट संविधान जारी गर्ने समयमा नै यो संविधानले देशको भलाई गर्न नसक्ने भन्दै संविधानमा हस्ताक्षर नगरी संघर्ष गएका थिए।



**प्रभु साह**

# उपेन्द्र यादवहरूको वामपन्थी धारलाई समयमा बुझ्न नसक्नु गल्ती थियो

**हाम्रो पृष्ठभूमि लोकतन्त्रवादी हो, जबकी उपेन्द्र बाबुरामहरुको वामपन्थी हो । यी दुईटाबीच एकीकरण भयो भने यसले लामो यात्रा तय गर्न सकिँदैन भन्ने थाहा थियो । हामी सहकार्य वा गठबन्धनको संस्कृतिबाट अगाडि बढौं भन्ने कुरा उठेको थियो । उहाँहरु कम्युनिष्ट पार्टी परित्याग गरेर आएको भनेर भन्नुभयो । त्यतिखेर यो कुरालाई गम्भीरतापूर्वक बुझ्न सकिएन र यो परिस्थिति आयो ।**



## वृषेश चन्द्र लाल

### केन्द्रीय कार्यकारिणी समिति सदस्य
### लोकतान्त्रिक समाजवादी पार्टी नेपाल

**० निर्वाचन आयोगमा दर्ता भएको लोकतान्त्रिक समाजवादी पार्टीलाई नवगठित भन्ने कि पुनर्गठित ?**

– कानूनी हिसावले हेर्दा लोकतान्त्रिक समाजवादी पार्टी नेपाल त नवगठित नै हो । तर यो वास्तवमा न नवगठित पार्टी होइ न पुनर्गठित पार्टी नै हो । मधेश आन्दोलनले उठाएको मुद्दाहरुको नेतृत्व गर्न विभिन्न राजनीतिक दल, विभिन्न विचारधाराका नेतृत्वपंक्तिहरु एक ठाउँमा उपस्थित भएका थिए । एउटा बृहत् राजनीतिक शक्तिको निर्माण गर्ने आवश्यकता महसुस भयो । मुद्दा र एजेण्डा एउटै छ भने एक ठाउँमा उभेर अगाडि बढ्नुपर्छ भन्ने मधेशका आन्दोलनकारीहरुको धारणा थियो । सोही क्रममा विगतमा राजपा बन्यो, उता समाजवादी पार्टीको निर्माण भयो, त्यसपछि जनता समाजवादी पार्टी नेपाल बनेको थियो । तर जसपा निर्माण हुने बित्तिकै त्यहाँ वैचारिक द्वन्द्व पनि देखापर्‍यो । लोकतान्त्रिक र वामपन्थी विचारधाराका नेतृत्वबीच तालमेलको स्थिति देखा परेन र मतभेद हुन थाल्यो । त्यो मतभेद बढ्दा-बढ्दै जसपा विभाजन भयो । वैचारिक आधारको कारणले जसपा विभाजन भएको हो । यसले के देखा परिरहेको छ भने लोकतन्त्रवादीहरु एकातिर र वामपन्थीहरु अर्कोतिर । अब मधेशमा दुईटा राजनीतिक शक्तिहरु छन्, एउटा लोकतान्त्रिक समाजवादी पार्टी र अर्को वामपन्थी विचारधारामा विश्वास गर्ने जनता समाजवादी पार्टी ।

**० जसपाभित्र लोकतान्त्रिक र वामपन्थी विचारधाराबीचको मतभिन्नताका कारण लोसपाको गठन भएको हो ?**

– निश्चितरुपमा । हामीले यसलाई यही दृष्टिकोणले हेर्नुपर्छ र यो नै वास्तविकता हो । यहाँ व्यक्तिगत आक्षेपको कुनै अर्थ छैन । वैचारिक आधारमा नै हामी छुट्टिएका हौं । दुई विचारधाराका राजनीतिक नेतृत्वपंक्ति एक ठाउँमा रहन सकेनन् । अर्को कुरा, वामपन्थी पार्टीमा आपसी कलह हुँदा तरंगित हुन्छन् । विगतमा नेकपामा जुन अवस्था सिर्जना भयो, त्यो कारणले जसपाका वामपन्थी साथीहरु पनि तरंगित हुनुभयो । उहाँहरु मधेश-थरुहट, आदिवासी जनजाति आन्दोलनका एजेण्डाहरु बिर्सिनुभयो ।

**० उपेन्द्र यादव, डा.बाबुराम भट्टराईहरु वामपन्थी विचारधाराका हुन् भन्ने कुरा तपाईंहरुलाई थाहा थियो नि । तैपनि किन एकता गर्नुभयो त ?**

– यो कुरा त्यतिखेर पनि छलफलमा उठेको थियो । हाम्रो पृष्ठभूमि लोकतन्त्रवादी हो, जबकी उपेन्द्र बाबुरामहरुको वामपन्थी हो । यी दुईटाबीच एकीकरण भयो भने यसले लामो यात्रा तय गर्न सकिँदैन भन्ने थाहा थियो । हामी सहकार्य वा गठबन्धनको संस्कृतिबाट अगाडि बढौं भन्ने कुरा उठेको थियो । उहाँहरु कम्युनिष्ट पार्टी परित्याग गरेर आएको भनेर भन्नुभयो । त्यतिखेर यो कुरालाई गम्भीरतापूर्वक बुझ्न सकिएन र यो परिस्थिति आयो ।

**० भनेपछि, तत्कालीन राजपा र समाजवादीबीचको एकता अप्राकृतिक थियो ?**

– कसलाई अप्राकृतिक भन्ने ? यहाँ लोकतन्त्रको स्थापनापछि घोर कट्टरपन्थी पञ्चहरुसँग पनि लोकतन्त्रवादीहरुले सरकार बनाएकै छन्, वामपन्थीहरुले पनि सरकार बनाएकै छन् । महन्थ ठाकुरले प्रतिगमनकारीलाई समर्थन गर्नुभो भन्ने आरोप लगाउँछन् । तर यो आरोप उसले लगाएका छन्, जो पहिले नै केपी ओलीको सरकारमा बसेर आएका हुन् । त्यसकारणले प्राकृतिक, अप्राकृतिक केही पनि होइन । नेपालको राजनीतिमा वैचारिक आधार, सोचलाई त्यति महत्व दिइँदैन, यहाँ सत्ताको राजनीति भइरहेको छ । अहिलेकै गठबन्धनलाई के भन्ने ? तर मूल कुरा के हो भने अब जसपामा वामपन्थी विचारधाराका नेताहरु छन् । यता, लोसपामा वामपन्थी विचारधाराका नेताहरु लगभग छैनन् । लोसपाका सबै नेतृत्वपंक्ति लोकतन्त्रमा विश्वास गर्छन्, लोक कल्याणकारी राज्यमा विश्वास गर्छन् । समानता, समावेशिता, स्वशासनमा विश्वास गर्छन् । संघीयतालाई संस्थागत गर्ने कुरामा विश्वास गर्छन् ।

**० लोसपा र जसपामा सैद्धान्तिक वा एजेण्डागत कुरामा कतिको भिन्नता छ ?**

– मधेश-थरुहट, सीमान्तीकरणमा परेका जनताको एजेण्डा स्पष्ट छ, जसले समानता, समावेशिता, राज्यको हरेक अंगमा हिस्सेदारी खोजिरहेका छन् । त्यसैले विभेदबाट मुक्ति नै हाम्रो एजेण्डा हो । फरक के छ भने लोकतन्त्रवादीहरु लोकतान्त्रिक पद्धतिबाट सबै एजेण्डाको सम्बोधन चाहन्छ । तर वामपन्थीले त लोकतन्त्रमा विश्वासै गर्दैन । उनीहरु लोकतन्त्रलाई एउटा हतियारको रुपमा मात्र प्रयोग गर्छन् । त्यो कुरा नेताहरुको विभिन्न बेलामा भाषणहरु सुनेर नै थाहा हुन्छ । वामपन्थीहरुले राजनीतिक कारणले लोकतन्त्रको कुरा गरिरहेका हुन्छन् । आउने दिनमा अझै स्पष्ट भएर आउँछ ।

**० आगामी दिनमा लोसपा र जसपाबीच एकता हुने सम्भावना रहन्छ कि नाईं ?**

– यो राजनीति हो । त्यसमा पनि नेपालको राजनीतिक संस्कृतिमा त झन् कुनै कुरा असम्भव छैन । तर मेरो नजरमा त्यसरी हुनु नै हुन्न । किनभने राजनीतिक दल भनेको वैचारिक आधारमा खडा हुनुपर्छ । एउटा साझा स्वार्थ, माग, एजेण्डाका निम्ति राजनीतिक दलहरु बन्छन् । त्यसकारणले आगामी दिनमा त्यस्तो होला जस्तो मलाई लाग्दैन । भोलिका दिनमा पनि यदि मधेश-थरुहट, आदिवासी जनजातिको एजेण्डाका निम्ति कुनै शक्ति प्रतिबद्ध छन् भने ती शक्तिहरु आफूमा सहकार्य गरेर अगाडि बढ्नुपर्छ । कुरो अर्को पनि छ, एजेण्डाको सम्बोधन लोकतान्त्रिक परिपाटीमा गर्ने कि वामपन्थी शैलीबाट । वामपन्थी शैलीबाट पुग्ला लोकतन्त्रको अभ्यास हुन सक्दैन । हामीले विधिको शासनलाई अगाडि बढाउनुपर्छ, विधिको मर्म र भावनालाई पनि बुझ्नुपर्छ ।

**० जसपासहितको गठबन्धनको प्रदेश र संघमा सरकार छ । यो गठबन्धन चुनावसम्म हुने भनिएको छ । लोसपा आगामी निर्वाचनमा कसरी प्रस्तुत हुन्छ ?**

– हाम्रो रणनीति र एजेण्डालाई अगाडि बढाएर यदि हाम्रो पार्टी जान सक्यो भने जनताको समर्थन प्राप्त गर्न सक्छ । अहिले गठबन्धनको स्थिति के हुन्छ भन्ने कुरा स्पष्ट नै छैन । प्रदेशहरु र संघमा गठबन्धनको सरकार त छ तर संघमा सरकार नै विस्तार हुन सकेको छैन । गठबन्धनको सरकारको अवस्था त सबैले हेरिरहेकै छन् । वैचारिक वा कार्यक्रमको आधारमा यो गठबन्धन त बनेकै होइन । केन्द्रमै त्यो गठबन्धनको अवस्था त्यस्तो छ भने भोलि प्रदेशमा गठबन्धनको अवस्था कस्तो होला भन्न सकिँदैन । कांग्रेस, माओवादी, माधव नेपालको पार्टीहरु त विगतमा मधेश विरोधीकै रुपमा रहँदै आएका छन् । आगामी दिनमा यो स्पष्ट हुँदै जान्छ । आउने दिनमा यी कुराहरु स्पष्ट भएपछि स्थिति प्रष्ट हुन्छ । त्यतिबेला हामी कुन रणनीतिमा अगाडि बढ्ने भन्ने कुरा हुन्छ । यो देशका निम्ति लोकतान्त्रिक मोर्चा यतातिर हुनुपर्छ र वामपन्थी मोर्चा अर्कोतिर हुनुपर्छ । लोकतान्त्रिक समाजवादी पार्टी आफ्नो एजेण्डा र नीतिलाई अगाडि बढायो भने महत्वपूर्ण योगदान हुन सक्दछ ।

**० राष्ट्रिय राजनीतिमा चर्चाको विषय बनेको एमसीसीबारे लोसपाको स्पष्ट धारणा देखिएन नि ?**

– एमसीसीबारे अहिले लोसपामा छलफल नै भएको छैन । किनभने सरकार नै अहिले प्रष्ट छैन । अहिले गठबन्धनको सरकार छ । कांग्रेसको एउटा धारणा देखिन्छ र माओवादी केन्द्रको फरक-फरक धारणा देखिन्छ । माधव नेपालजीहरुको धारणा आइसकेको छैन । उपेन्द्र यादव र बाबुराम भट्टराईजीहरुको पनि धारणा आइसकेको छैन । त्यसैले पनि त गठबन्धन स्पष्ट हुनुपर्‍यो, त्यसपछि हामी छलफलमा जान्छौं । तर मेरो व्यक्तिगत दृष्टिकोण जुन सम्झौता देशको हितमा र पूर्वाधार खडा गर्ने पक्षमा छ भने त्यसको विरोध गर्ने कुनै तुक छैन । यो देशलाई भूमरी र द्वन्द्वमा फँसाउनेहरुको षड्यन्त्र हो । अब जनताले विस्तारै बुझ्दै गएका छन् । एमसीसी त अनुदानको कार्यक्रम हो । अमेरिकाले त प्रष्ट गरिसकेको छ कि यो कुनै सैन्य संगठनको अंग होइन । त्यसकारणले पहिले गठबन्धनको प्रष्ट धारणा आओस्, त्यसपछि हाम्रो पार्टीले छलफल गरेर यसबारे निर्णय पनि गर्छ ।

# पैसा खानेहरू एमसीसीको पक्षमा लागेका छन्



## हरिचरण साह

### अध्यक्ष, नेपाली जनता दल

**० एमसीसीबारे नेपाली जनता दलको धारणा के छ ?**

–नेपाली कांग्रेसले पैसा लिएर एमसीसी सम्झौता गरिसकेको छ । यसबाट प्रचण्ड र ओलीले पनि फाइदा लिइसक्नुभएको छ । त्यतिखेरै उहाँहरुले संसदबाट पास गर्न खोज्नुभएको थियो । अहिले गठबन्धनको सरकार छ, यसले त्यतिकै पास गर्ने देखिन्छ । तर हामीले यो एमसीसीलाई स्वीकार गरेका छैनौं । सहयोगको नाउँमा हाम्रो स्वाधिनता, राष्ट्रियता र स्वाभिमानमाथि कुनै किसिमको आक्रमण भयो भने नेपाली जनताले स्वीकार गर्दैन । राष्ट्र रहेपछि त हामी नेपाली रहन्छौं । हाम्रो राष्ट्रियतामाथि हस्तक्षेप भयो भने अफगानिस्तानकै हालत हुने पक्का छ । त्यसकारणले यो एमसीसीलाई संशोधन नगरेसम्म संसदबाट पारित गरिनु हुँदैन । हुन त सत्ताधारी दलहरुले पारित गर्नका लागि विगतमा पनि प्रयास गरेकै हुन् । यो एमसीसी सम्झौता आज भएको होइन, चार वर्ष पहिला नै कांग्रेसको सरकारले गरिसकेको हो । तर पहिला जनतालाई यसबारे केही थाहा हुन दिएको थिएन । अहिले जनता जागरुक भइसकेका छन् । अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) ले नेपालले उठाएका प्रश्नको जवाफ दिँदै एमसीसी कुनै सैन्य रणनीति अन्तर्गत नरहेको बताएको छ । साथै उसले २०१७ मा हस्ताक्षर भएको सम्झौतामा अहिले आएर संशोधन गर्न नसकिने समेत प्रष्ट पारेको छ । अब हेर्दै जाउँ के-के हुन्छ ।

**० अहिलेकै अवस्थामा एमसीसी पास भयो भने हाम्रो देश खतरामा पर्छ ?**

– कसैको सहयोग लिनु नराम्रो कुरा होइन । भारत, चीन लगायत अन्य मुलुकहरुले त हाम्रो मुलुकलाई सहयोग गरिरहेकै छ नि, अमेरिकाले पनि सहयोग गर्दै आइरहेको छ । तर यो एमसीसीमा जुन किसिमका प्रावधानहरु राखिएका छन् जसले हाम्रो मुलुकको स्वाधिनता नै खतरामा पर्ने देखिन्छ । हाम्रो स्वाधिनतामाथिको आक्रमणलाई हामीले सहयोगको रुपमा लिनुहुन्छ, त्यो हस्तक्षेप हो । हस्तक्षेपकारी र नेपालको कानूनहरुमाथि हस्तक्षेप गर्ने खालका कुराहरु भएको एमसीसी हामीलाई चाहिँदैन । ७२ अर्ब रुपैयाँ त एनसेलबाट उठाउनुपर्ने छ, त्यो पैसा उठाएर लगानी गर्दा भइहाल्यो नि । किन ५० अर्बका लागि मरिहत्ते गर्ने ? हाम्रो राष्ट्रिय स्वाधिनतामाथि यदि कसैले आक्रमण गर्छ भने त्यो गुलामी स्वीकार हुँदैन । नेपाल गुलाम राष्ट्र होइन, एउटा स्वतन्त्र राष्ट्र हो ।

**० एमसीसी पक्षधर दलको नेतृत्वमा सरकार छ, जसलाई करिब दुई तिहाइको बहुमत प्राप्त रहेको छ । यसले यदि एमसीसी पास गर्‍यो भने के हुन्छ ?**

– उहाँहरुले एमसीसी पारित गर्नु होला, तर जनताको आवेग यस्तो हुन्छ कि त्यसको भुक्तान उहाँहरुले गर्नुपर्छ । सरकारमा बसेकाहरुसँग यो सम्झौता पारित गर्ने अधिकार त छ, गर्ला तर राष्ट्रमाथि त्यस्तो नकारात्मक असर पर्‍यो भने यसको जिम्मेवार उनीहरु नै हुनेछन् । जनताले उनीहरुलाई छाड्ने छैन । नेपाली समाज एमसीसीको पक्ष र विपक्षमा विभाजित देखिन्छ । न संसदबाट एमसीसी अनुमोदन भएको छ, न सम्झौता संशोधनका लागि अमेरिका तयार छ । लामो समयदेखि अनिर्णित बनेपछि अमेरिकाले एमसीसीबारे टुंगोमा पुग्न दबाब बढाएको छ ।

**० यो सरकारले एमसीसी पास गर्छ त ?**

– अब सरकार उनीहरुको छ, संसद उनीहरुको छ, गुलाम सांसदहरु छँदैछन् । यिनीहरुले एमसीसी पास गरिहाल्यो भने त्यो नौलो कुरा हुँदैन । तर जनता यसबाट सचेत रहेका छन् । जनताले सबैसँग हिसाव माग्नेछन् । जनताको स्वाधिनता, राष्ट्रियता, सार्वभौमसत्ता खोस्ने काम भयो भने इतिहासमा यिनीहरु कलंकित हुनेछन् । त्यसैले नेपालमा अब आर्थिक विकास, समृद्धि दिन सक्ने, राष्ट्रियता जोगाउने, बाहिरी हस्तक्षेपलाई परास्त गर्ने खालका राजनीतिक दलको आवश्यकता छ । जनताले यसका लागि कुनै न कुनै विकल्प अवश्य छान्नेछन् ।

**० यो सरकार गठन भएको दुई महिना भयो । कामकारबाही कतिको सन्तोषजनक देख्नुहुन्छ ?**

– यो सरकारले त केही गर्न सकेन नि । राजनीतिक दल फुटाउने विधेयक बाहेक अन्य केही गरेको छैन । यो सरकारले दलहरु फुटाएर आफ्नो सत्ता जोगाउने खेलमा लागेको छ । यहाँ संविधानमाथि नै खेलाँची भइरहेको छ । दुई-दुई वटा संविधानसभाबाट निर्माण भएको संविधानलाई निकम्मा बनाउने खेल हुँदैछ । देशमा एउटा दुर्घटना गराउने षड्यन्त्रमा यिनीहरु लागेको देखिन्छ । यिनीहरुको काम कारबाहीबाट जनता सचेत भएर बस्नुपर्छ । यिनीहरु अहिलेसम्म देश बेच्नका लागि राजनीति गर्दै आएकै हुन् नि । अहिलेसम्म नेपालमा शोषक वर्गकै सरकार बन्दै आएको छ । अब जनताले एउटा विकल्प खोजिरहेका छन्, त्यो विकल्प पनि आउँछ ।

**० अहिलेसम्म देउवा सरकारको मन्त्रिमण्डल पाँच सदस्यीय मात्रै छ, किन विस्तार हुन सकिरहेको छैन ?**

– अहिले यिनीहरु भागवण्डामा लागिरहेका छन् । पैसाका लागि राजनीति गर्दै आएकाहरुबीच तानातान छ । दुई-दुई महिनासम्म यो सरकारले २० वटा मन्त्रालयलाई बन्धक बनाएर राखेको छ । यिनीहरु निकम्मा साबित भइसकेका छन् । यो सरकार आफैले ल्याएको अध्यादेशका कारण गठबन्धनभित्रकै दल फेरि फुट्छ कि भन्ने डर पनि छ । स्वार्थ लिप्सामा लागेकाहरु अहिलेसम्म मन्त्रिमण्डल विस्तार गर्न नसक्नु निकम्मापन हो । पहिला नै असक्षम घोषित भइसकेकै व्यक्तिले सरकारको नेतृत्व गरिरहेकोले फेरि पनि असक्षम साबित होला कि भन्ने डर छ । संसदमा एमसीसी प्रवेश गर्ने बित्तिकै दृष्यहरु प्रष्ट हुँदै जान्छ ।

**० आगामी चुनावका लागि नेपाली जनता दलको तयारी कस्तो भइरहेको छ ?**

– यो कोरोनाकालमा पनि हामीले आफ्नो गतिविधिहरु गरिरहेकै छौं । हामीले सातवटै प्रदेशमा दलको प्रमुखहरु चयन गरेका छौं, कमिटी पनि बनाइसकेका छौं । छिट्टै हामी प्रदेश कमिटीको भेलाहरु गर्दैछौं । हाम्रा भेलाहरु सम्पन्न भइसकेपछि चुनावी तयारीमा लाग्छौं । हामी राष्ट्रिय पार्टी हौं । गत निर्वाचनमा हाम्रा मेयर, अध्यक्ष, वडाध्यक्षहरु जितेका छन् । तर सरकारले हामीमाथि बेइमानी गर्न सक्छ । स्थानीय चुनावमा हामीलाई चक्का छाप चुनाव चिन्ह नदिने षड्यन्त्र हुनसक्छ । नेपाली जनता दलले सातवटै प्रदेशमा ७५३ स्थानीय तहमध्ये कम्तीमा ५३ ठाउँमा त जित्छौं नै ।

**० गत निर्वाचनमा प्रदेश र संघमा तपाईंहरुको प्रतिनिधित्व हुन सकेन नि ?**

– लुटेरा र भ्रष्टाचारीहरुले चुनावमा पैसाको खोलो बगायो । जबसम्म यो देशमा अर्बपति र खर्बपतिहरुलाई भोट बेचिरहन्छ तबसम्म इमान्दार नेताहरु जित्ने सम्भावना छैन । पैसाको प्रतिनिधित्व भइरहँदासम्म विचारको प्रतिनिधित्व हुँदैन । यिनीहरुले देश र जनताको विकासका लागि, जनहितका लागि कुनै काम हुनेवाला छैन । जनता गरिबीमा छन्, रोजगार छैन । लाखौं लाख युवाहरु विदेशिन बाध्य छन् । यी राजनीतिक दलहरुलाई सबै युवाहरु विदेश गइदिए हुन्थ्यो लाग्छ । पैसाको बलमा राजनीतिक भइरहँदा विचारको राजनीति अगाडि आउन सक्दैन । सोही कारणले नेपाली जनता दलको प्रतिनिधित्व प्रदेश र संघमा हुन सकेन । लुटेराहरुको जबसम्म वर्चस्व रहिरहन्छ, तबसम्म अन्य कुनै पार्टीलाई अगाडि बढ्न दिँदैन । यस कुरामा जनता सचेत हुनुपर्‍यो नि त । स्थानीय तहमा पनि लुटेराहरुले लुटिरहेकै छन् । त्यसकारणले पैसाको बलमा राजनीति गर्नेहरुको अगाडि हाम्रो केही पनि लाग्न सकेको छैन । मैले भन्ने गरेको थिएँ कि ‘मुर्गा, मछली, दारु, नोट अनि जनताले दिन्छन् भोट ।’ त्यहीअनुसारले फेरि चुनाव भयो भने आगामी दिनमा पनि विचारको प्रतिनिधित्व हुँदैन । हामी भनेको सत्य र विचारको राजनीति गर्ने, सामाजिक न्यायको राजनीति गर्ने मान्छे हौं । राजनीति भनेको जितेर मात्रै हुँदैन, हारेर पनि जित्ने दल भनेको नेपाली जनता दल हो ।

# सर्लाहीका विपद् पीडितहरूलाई महिला मैत्री समाजको राहत



सर्लाही । नेपाल भारत महिला मैत्री समाजले सर्लाहीको २० वटै पालिकामा विपद् पीडितहरुका लागि राहत सामग्रीहरु हस्तान्तरण गरेको छ ।
सोमबार सर्लाही सदरमुकाम मलंगवामा एक कार्यक्रमका बीच समाजले २० वटै पालिका प्रमुखलाई राहत हस्तान्तरण गरिएको हो ।
भारत सरकारको सहयोगमा नेपाल भारत महिला मैत्री समाजले सर्लाहीको २० वटै पालिकालाई ठुलो साइजका टेन्टहरुका साथै राहत रामग्री वितरण गरिएको संस्थाका अध्यक्ष चन्दा चौधरीले बताइन् ।
सो अवसरमा जिल्लाका करिब १२० बाढीपहिरो तथा आगलगी लगायत विपद्बाट पिडितहरुलाई राहत वितरण गरिएको थियो ।
प्रत्येक व्यक्तिलाई एक थान त्रिपाल र एक थान चटाई (पटिया) वितरण गरिएको नेपाल भारत महिला मैत्री समाज संस्थाले जनाएको छ ।
जिल्ला समन्वय समितिको सभाहलमा आयोजना गरिएको कार्यक्रममा पालिका प्रमुखहरुलाई राहत सामाग्री हस्तातरण गरिएको छ । हस्तातरण गरिएको राहत सामाग्रीमा ठूलो टेण्ट, त्रिपाल र चटाई (पटिया) लगायत रहेको छ ।
त्यस्तै विपद् व्यवस्थापन समितिका अध्यक्षलाई प्रमुख जिल्ला अधिकारी रामकुमार महतोलाई ३० थान ठूलो टेण्ट हस्तातरण गरिएको छ ।
सो अवसरमा बोल्दै संस्थाकी अध्यक्ष चन्दा चौधरीले भारत सरकारले नेपाली जनतालाई आपतविपद्मा सहयोग गर्न तयार रहेको बताउँदै सर्लाही जिल्लाको लागि आफु जहिले पनि व्यक्तिगत र संस्थागत रुपमा सकेको सहयोग गर्न तयार रहेको बताइन् ।
राहत उपलब्ध गराएकोमा भारत सरकार र नेपाल सरकारलाई समेत उनले धन्यवाद दिइन ।
त्यस्तै प्रमुख जिल्ला अधिकारी रामकुमार महतोले सर्लाही जिल्लाका विपद् पिडितहरुलाई सहयोग गरेकोमा संस्थाका अध्यक्ष चन्दा चौधरी र भारत सरकारलाई सहयोगको लागि आभार तथा धन्यावाद ज्ञापन गरेका थिए ।
राहत वितरण कार्यत्रमममा नेपाल भारत महिला मैत्री समाजकी अध्यक्ष एवम् संघिय सासद चन्दा चौधरी, जिल्ला समन्वय समिति सर्लाहीका प्रमुख मेथुर चौधरी, सर्लाहीका पालिका प्रमुख तथा प्रतिनिधि तथा जिल्ला स्थित सुरक्षा निकायका प्रमुखहरुको सहभागीता रहेको थियो ।

# धनुषाका स्थानीय तहमा एक अर्बभन्दा बढी बेरूजु

जनकपुरधाम । धनुषाका स्थानीय तहमा बेरुजुको चाङ देखिएको छ । १८ वटा स्थानीय तह रहेको जिल्लामा आर्थिक वर्ष २०७६/७७ मा १८ अर्ब ८ करोड ३२ लाख ९९ हजारको लेखापरीक्षण हुँदा एक अर्ब ७७ करोड ८२ लाख ६९ हजार रकम बेरुजु भएको महालेखापरीक्षकको ५८ औं प्रतिवेदनमा उल्लेख छ ।महालेखापरीक्षकको कार्यालयका अनुसार ५८ औं प्रतिवेदनसम्ममा १८ वटा स्थानीय तहको ४ अर्ब २७ करोड ३७ लाख ५९ हजार रुपैयाँ बेरुजु छ ।
धनुषामा एउटा उपमहानगरपालिका, ११ वटा नगरपालिका र ६ वटा गाउँपालिका छन् । सबैभन्दा बढी सबैला नगरपालिकाको रकम बेरुजु भएको महालेखापरीक्षकको प्रतिवेदनले औंल्याएको छ ।
सबैला नगरपालिकाको आर्थिक वर्ष २०७६/७७ मा एक अर्ब ७ करोड १६ लाख तीन हजारको लेखापरीक्षण हुँदा २८ करोड २७ लाख २९ हजार बेरुजु देखिएको छ । यो कुल परीक्षण रकमको २६.३८ प्रतिशत हो । अहिलेसम्म यस स्थानीय तहको ५८ करोड ४९ लाख ५४ हजार रुपैयाँ बेरुजु देखिएको छ ।
त्यस्तै कमला नगरपालिकाको ९३ करोड ४ लाख २२ हजार रकमको लेखापरीक्षण हुँदा १३ करोड ८१ लाख ३८ हजार रकम बेरुजु भएको छ । यो लेखापरीक्षण गरिएको रकमको १४.८५ प्रतिशत हो । कमला नगरपालिकाको हालसम्म ३५ करोड २६ लाख २ हजार रकम बेरुजु रहेको छ । धनुषाको एकमात्र उपमहानगरपालिका जनकपुरधामको आर्थिक वर्ष २०७६/७७ मा २ अर्ब ७८ करोड ३५ लाख ९८ हजारको लेखापरीक्षण हुँदा ३५ करोड ५७ लाख ७२ हजार रकम बेरुजु भएको छ । जनकपुरधामको बेरुजु प्रतिशत १२.७८ रहेको छ । जनकपुरधामको अहिलेसम्म ८० करोड ७९ लाख ३५ हजार रकम बेरुजु भएको महालेखापरीक्षकको ५८ औं प्रतिवेदनमा उल्लेख छ ।
हंसपुर नगरपालिकाको आर्थिक वर्ष २०७६/७७ मा ९५ करोड ९९ लाख ६६ हजारको लेखापरीक्षण गर्दा ११ करोड ८६ लाख ५३ हजार रकम बेरुजु भएको छ । हंसपुरको अहिलेसम्म ३५ करोड ९४ लाख ३९ हजार रुपैयाँ बेरुजु देखिएको हो । सहिदनगर नगरपालिकाको एक अर्ब १४ करोड ५१ लाख २ हजारको लेखापरीक्षण हुँदा १२ करोड ४९ लाख ५० हजार रकम बेरुजु देखिएको छ । सहिदनगरको हालसम्म २९ करोड ७३ लाख २७ हजार रकम बेरुजु भएको प्रतिवेदनमा उल्लेख छ ।
मिथिला नगरपालिकाको एक अर्ब ११ करोड ३१ लाख ९१ हजारको लेखापरीक्षण गर्दा १२ करोड १४ लाख १८ हजार रकम बेरुजु आएको छ । हालसम्म मिथिला नपाको २४ करोड ४६ लाख १८ हजार रकम बेरुजु भएको छ । बटेश्वर गाउँपालिकाको ७० करोड ९० लाख २७ हजारको लेखापरीक्षण गर्दा ६ करोड ८३ लाख १९ हजार रकम बेरुजु भएको छ । धनौजी गाउँपालिकाको ५३ करोड ५४ लाख ३० हजारको लेखापरीक्षण गर्दा ४ करोड ९८ लाख ३ हजार बेरुजु भएको महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख छ । नगराइन नगरपालिकाको ८४ करोड ३० लाख ६८ हजारको लेखापरीक्षण हुँदा ६ करोड २० लाख २३ हजार रकम बेरुजु रहेको छ । विदेह नगरपालिकाको ९७ करोड २० लाख २८ हजारको लेखापरीक्षण हुँदा ७ करोड ७३ लाख ३६ हजार बेरुजु भएको छ । मिथिला बिहारी नगरपालिकाको ९५ करोड २८ लाख ४७ हजारको लेखापरीक्षण हुँदा ६ करोड ८० लाख ८७ हजार बेरुजु छ । लक्ष्मिनिया गाउँपालिकाको ७६ करोड २८ लाख १९ हजारको लेखापरीक्षण हुँदा ५ करोड ४२ लाख ९० हजार रकम बेरुजु आएको प्रतिवेदनमा उल्लेख छ । क्षिरेश्वरनाथ नगरपालिकाको आव २०७६/७७ मा एक अर्ब १० करोड ८२ लाख ४० हजारको लेखापरीक्षण गर्दा ७ करोड ७० लाख ५२ हजार रकम बेरुजु आएको छ ।
मुखियापट्टी मुसहरनिया गाउँपालिकाको ५६ करोड २९ लाख ९७ हजारको लेखापरीक्षण हुँदा २ करोड ९२ लाख ३ हजार बेरुजु भएको छ । त्यस्तै औरही गाउँपालिकाको ६२ करोड ६५ लाख २० हजारको लेखापरीक्षण गर्दा ३ करोड ३ लाख ८५ हजार रकम बेरुजु आएको छ ।
जनकनन्दिनी गाउँपालिकाको ६६ करोड ६१ लाख ७० हजारको लेखापरीक्षण गर्दा ३ करोड ६६ लाख ३० हजार रकम बेरुजु आएको छ । धनुषाधाम नगरपालिकाको एक अर्ब २१ करोड ३३ लाख ९ हजारको लेखापरीक्षण गर्दा ५ करोड ५६ लाख ६३ हजार बेरुजु आएको महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख गरिएको छ ।
सबैभन्दा कम बेरुजु गणेशमान चारनाथ नगरपालिकाको छ । यस नपाको आव २०७६/७७ मा एक अर्ब १२ करोड ६९ लाख ६२ हजारको लेखापरीक्षण गर्दा २ करोड ७८ लाख १८ हजार बेरुजु आएको महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख छ ।

# राजर्षी विश्वविद्यालयको पठनपाठन ठप्प

जनकपुरधाम । जनकपुरस्थित मुख्यालय रहेको राजर्षी जनक विश्वविद्यालयमा शिक्षक भर्नाको विवादले पठनपाठन अवरुद्ध भएको छ । विश्वविद्यालयमा करारमा कार्यरत शिक्षकहरू आन्दोलित भएका हुन् । भदौ ८ देखि पठनपाठन ठप्प गरी ३५ जना पेपर (कोर्स) कन्ट्र्याक्ट शिक्षक धर्नामा बसेका हुन् ।
स्थापनाकालमा कोर्स कन्ट्र्याक्टमा पढाउन भनेको र पछि गएर दरबन्दी करारमा नियुक्ति दिने आश्वासन दिए पनि हालसम्म माग सम्बोधन नगर्दा बाध्य भएर आफूहरू आन्दोलनमा उत्रेको विश्वविद्यालयको पेपर (कोर्स) कन्ट्र्याक्ट शिक्षक संघका सचिव रविकुमार राजले बताए ।
दुई वर्षदेखि राजर्षी जनक विश्वविद्यालयमा २६ जना शिक्षकको दरबन्दी खाली छ । तर पटकपटक त्यसमा भर्ना गर्न आग्रह गर्दा सम्बन्धित पक्षले कुनै सुनुवाइ नगरेको उनले बताए । राजर्षी जनक विश्वविद्यालयका शिक्षकहरू आन्दोलित भए पनि व्यवस्थापन पक्षले माग सम्बोधनका लागि कुनै चासो देखाएको छैन । पेपर करारमा कार्यरत शिक्षक करारमा नियुक्तिको माग गर्दै गत साउन २४ देखि २९ गतेसम्म पहिलो चरणमा कालोपट्टी बाँधेर पठनपाठन सुचारु नै राखेका थिए ।
शिक्षकहरू भदौ ८ गतेदेखि दोस्रो चरणको आन्दोलन कार्यक्रम घोषणा गरी डिन कार्यालयको मूलगेटमा धर्ना बसेका छन् । शिक्षकहरूले प्रत्येक दिन बिहान ११ बजेदेखि २ बजेसम्म धर्ना दिँदै आएका छन् । माग पूरा नभए थप कडा संघर्षमा उत्रने शिक्षक अशोक साहले बताए । राजर्षी जनक विश्वविद्यालय उपकुलपति भरत झा र रजिस्ट्रार महेन्द्रप्रसाद यादव दुवैले कार्यकारिणी समितिको निर्णयलाई अटेर गर्दै मनलाग्दी शिक्षक भर्ना गर्न थालेपछि विश्वविद्यालयमा पेपर करारमा कार्यरत शिक्षकहरू लामो समयदेखि आन्दोलित भएको विश्वविद्यालयका कर्मचारीको आरोप छ ।
शिक्षक भर्ना विवादमा विश्वविद्यालयका पदाधिकारीहरू विभाजित भएका छन् । विश्वविद्यालयका डिन जुगेश्वर साहले आन्दोलनरत शिक्षकको माग जायज रहेको बताए । करारमा राख्नका लागि कार्यकारिणी बैठक बोलाउनका लागि भने पनि उपकुलपति र रजिस्ट्रार दुवै जना सम्पर्कविहीन बनेको उनले बताए ।
गत वैशाख १४ गते ५ जना शिक्षक करारमा भर्नाका लागि विश्वविद्यालयले विज्ञापन निकालेपछि कलेजमा पेपर कन्ट्र्याक्टलाई करारमा नगरी अझै थप्नु गलत रहेको भन्दै विश्वविद्यालयका डिनले आपत्ति जनाएपछि विज्ञापन रद्द भएको थियो । वैशाख १३ गते विशेष टिप्पणीका आधारमा फेरि ५ जना कर्मचारीका लागि करार नियुक्तिको प्रक्रिया अगाडि बढाएपछि आफूहरूले आन्दोलन सुरु गरेको शिक्षक संघका सचिव राजले बताए ।

# जचुकालीको पावर हाउस र छापाखाना पुन: सञ्चालन गर्ने तयारी

जनकपुरधाम । लामो समयदेखि बन्द रहेको जनकपुर चुरोट कारखाना लिमिटेड (जचुकाली)को पावर हाउस र छापाखाना पुनः सञ्चालन गर्ने प्रदेश २ सरकारले तयारी सुरु गरेको छ । जचुकाली बन्द भएसँगै प्रयोगविहीन भएको पावर हाउस र छापाखानालाई सञ्चालनमा ल्याउन प्रदेश सरकारको आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयले पहल थालेको हो । आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरतप्रसाद साहले प्राविधिक, मन्त्रालयका कर्मचारीसहित केही दिन अघि पावर हाउस र छापाखानाको निरीक्षण गरेका थिए । निरीक्षणपछि प्राविधिकहरूले सामान्य मर्मत सम्भार गरे सञ्चालन गर्न सकिने बताएका थिए ।
जचुकालीको पावर हाउसमा पाँचवटा पावरफूल जेनरेटर छन् । उक्त पावर हाउस प्रदेश सरकारले सञ्चालन गर्न लागेको आन्तरिक मामिला तथा सञ्चारमन्त्री साहले बताए । त्यसैगरी जचुकालीको रंगीन छापाखाना लामो समयदेखि प्रयोगविहीन रहेकाले सञ्चालन गर्न दिन संघीय सरकारसँग आग्रह गरिएको उनले बताए । पावर हाउस र छापाखाना लिन प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, संघको उद्योग मन्त्रालयमा पत्रचार गरिसकेको मन्त्री साहले बताए । प्रदेश सरकारको आफ्ना छापाखाना नहुँदा बर्सेनी करोडौं रुपैयाँ छपाइमा खर्च गर्दै आएको छ । आफ्नै छापाखाना भए उक्त खर्च कटौती हुने मन्त्री साहले बताउँछन् ।

## मधेश अपडेट

### प्रदेश २ मा एमाले थप बलियो : महासेठ

सिरहा । नेकपा एमालेका स्थायी कमिटी सदस्य तथा पूर्वमन्त्री रघुविर महासेठले प्रदेश २ मा एमाले बलियो अवस्थामा रहेको बताएका छन् । एमालेमा मानदार नेताकार्यकर्ता र निर्वाचित पदाधिकारीको उत्साह, उमंग र जनमनले गर्दा पार्टी एक ढिक्का भइ थप बलियो भएको उनले बताए । सिराहामा भएको जिल्ला स्तरीय अगुवा कार्याकर्ता भेलालाई सम्बोधन गर्दै उनले यस्तो दाबी गरेका हुन् । कार्यक्रममा धनुषाको बटेश्वर गाउँपालिकामा विभिन्न पार्टी परित्याग गरि दर्जनौं कार्यकर्ता नेकपा एमाले प्रवेश गरेका बताइएको छ । पूर्वमन्त्री जुली महतोको प्रमुख आतिथ्यतामा धनुषाको मिथिला नपा -१० लालगढमा पनि अगुवा कार्यकर्ता भेला सम्पन्न भएको छ ।

### जसपाले नै रेशमलाई न्याय दिलाउँछ : यादव

वीरगञ्ज । जसपाका सांसद प्रदीप यादवले रेशम चौधरीलाई कानुनी प्रक्रियाबाटै जसपाले न्याय दिलाउने बताएका छन् । टीकापुर आन्दोलनमा नश्लीय राज्य शासन व्यवस्थाले चरम दमन गरेको र त्यो दमनविरुद्ध आवाज उठाउने थारुहरू माथि विभिन्न मुद्दामा फसाउने षड्यन्त्र अन्तर्गत नै रेशम चौधरी जस्ता सच्चा आन्दोलनकारी तत्कालीन सरकारले फसाएको सांसद यादवले आरोप लगाए ।वीरगन्ज महानगरपालिका वडा नं. ३१ सोलखपुरमा नवनिर्मित थारु सांस्कृतिक नाच घरको शिलान्यास गर्दै उनले नाच घरले थारुहरूको संस्कृति संरक्षणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे । थारु समुदायको वैवाहिक, धार्मिक र सांस्कृतिक कार्यको लागि नाच घर उपयोगी भएको उनले बताए । उनले सोलकपुरमा पक्की सडक बनाउने समेत वाचा गरे । सांसद यादवले थारुहरू नै नेपालका पुराना र पहिलो बसोबास गर्ने जाति रहेको तर आज एउटा शोषित र उत्पीडन वर्गमा परेको पनि बताए ।

### युनियनले मनायो २०औं स्थापना दिवस

कपिलवस्तु । २०औं नेपाल निजामति कर्मचारी युनियनको अवसरमा तौलिहवास्थित बाल मन्दिरमा रहेका बालबालिकाहरुका लागि युनियनले खाद्यान्न सहयोग तथा शुभकामना आदान प्रदान गरि मनाएको छ । बालमन्दिरमा रहेको बालबालिकाहरुलाई १ क्विनटल चामल २५ केजी चामल तथा फलपुल वितरण गरि स्थापना दिवस मनाइएको हो । कार्यक्रममा जिल्ला अध्यक्ष राम प्रसाद अधिकारी, पुर्व केन्द्रिय सदस्य कृष्ण प्रसाद तिमिल्सना, रुपन्देहीका अध्यक्ष मोहन नेपाल पूर्वजिल्ला अध्यक्ष धनन्जय नेपाल, जिल्ला उपाध्यक्ष रामकृष्ण तेली, बालमन्दिरका पूर्वअध्यक्ष राजु प्रसाद अर्याल, बाल मन्दिरका प्रमुख राम प्रसाद अर्याल, निराजन लम्साल, कपिलवस्तु नगरपालिका इकाइ अध्यक्ष पदमराज श्रेष्ठ लगायतले दिवसको अवसरमा शुभकामना दिएका थिए । झक प्रसाद आलेको संचालनमा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा वोल्ने वक्ताले राष्टसेवक कर्मचारीहरुलाई सरकारले समायोजनको नाममा विभेद गरेको हुंदा यो सरकारले समायोजनमा देखीएका समस्या समाधान गर्नुपर्ने बताए ।

### दर्जनौं चिकित्सक जसपामा प्रवेश

जनकपुरधाम । धनुषाका दर्जन बढी चिकित्सक डाक्टरहरु जनता समाजवादी पार्टीमा प्रवेश गरेका छन् । मंगलबार जनकपुरमा आयोजित एक समारोहमा चिकित्सकहरु सामूहिक रुपमा जसपामा आबद्ध भएका छन् । जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले अबीर फूलमालाले स्वागत गर्दै चिकित्सकहरुलाई पार्टी गराएका हुन् । बालरोग विशेषज्ञ डा. कर्मेन्द्र यादव, डा. दिपु यादव, डा. सिदेश यादव, रेडियोलोजिष्ट डा. अरुण कुमार गोइत, अर्थोपेडिक डा. रितेश कुमार, डेनटिष्ट डा. निमु यादव, डेनटिष्ट डा. ललिता यादव, डेनटिष्ट डा. बिनिता अधिकारी लगायतलाई जसपा नेपाल अध्यक्ष यादवले पार्टीमा स्वागत गरेका छन् । सो अवसरमा जसपा अध्यक्ष यादवले राजनीतिकमा बौद्धिक व्यक्तिको आगमनले विधिको शासन कायम हुने तर्क गरेका छन् । अध्यक्ष यादवले भने, 'बौद्धिक वर्ग सक्रिय हुँदा राजनीतिमा शासन हुन्छ, तर मुर्खहरुको जमातले राजनीतिमा कुशासनले प्रसय पाउँछ ।' पेशासँगै राजनीतिलाई अगाडी बढाउन अध्यक्ष यादवले नवप्रवेशी डाक्टरहरुलाई शुभकामना ज्ञापन गर्दै बौद्धिक व्यक्तित्वहरुले राजनीतिको डाइग्नोसिस गर्ने विश्वास व्यक्त गरे । जसपा नेपाल धनुषा जिल्ला अध्यक्ष पशुपति यादवको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेशसभा सदस्य डा. रिना यादव, चमेली देवी दास, प्रादेशिक अस्पताल जनकपुरका मेसु डा. प्रमोद यादव, बौद्धिक पेशाकर्मी महासंघका धनुषा अध्यक्ष ब्रजकिशोर यादव लगायतको उपस्थिति रहेको थियो ।

### फोहोर नउठ्दा समस्या

वीरगञ्ज । वीरगञ्ज-पथलैया व्यापारिक मार्गमा पर्ने बाराको जितपुर बजारमा रहेको फोहोर महिनौंदेखि नउठ्दा जितपुरवासी मारमा पर्दै आएका छन् । व्यापारिक मार्गमा पर्ने जितपुर-सिमरा उपमहानगरपालिकाको जितपुर बजारमा रहेको फोहोर तथा निर्माणाधीन अवस्थामा रहेको व्यापारिक मार्गमा उडेको धुलोले स्थानीय मारमा परेका हुन् । निर्माणाधीन वीरगञ्ज-पथलैया व्यापारिक मार्गमा उडेको धुलोले जितपुर बजारमा रहेको रेडिमेड कपडाका पसलेलाई व्यापार गर्न तथा ग्राहकलाई पनि किनमेल गर्न समस्या भएको छ । दिनभरि धुलो उड्नु तथा बजारमा रहेको फोहोरसमेत नगरपालिकाले महिनौंदेखि नउठाउनुले रेडिमेड कपडा व्यापारी मर्कामा परेको जितपुर बजारमा रहेको गिरी मार्केटका सञ्चालक प्रकाश गिरीले जानकारी दिए । निर्माणाधीन व्यापारिक मार्गबाट उडेको धुलो सिधै पसलमा पस्नुले पसलमा व्यापारीका साथै ग्राहकलाई समेत समस्या पार्दै आएको जितपुर रेडिमेड व्यवसायी संघका अध्यक्षसमेत रहेका उनले गुनासो गरे ।

### 'ओली मदन भण्डारीका असली उत्तराधिकारी'

राजविराज । नेकपा एमालेका प्रदेश २ इन्चार्ज सत्यनारायण मण्डलले जननेता मदन भण्डारीका असली उत्तराधिकारी केपी शर्मा ओली भएको बताएका छन् । गृहजिल्ला सप्तरीमा आइतबार आयोजित एमाले जिल्ला सम्मेलनलाई सम्बोधन गर्दै मण्डलले पार्टी अध्यक्ष ओलीको प्रशंसा गर्दै उनी नै मदन भण्डारीको असली उत्तराधिकारी भएको जिकिर गरे । केपी शर्मा ओली प्रधानमन्त्री हुँदा पहिलो पटक भारतसँगको सीमा सम्बन्धी कुरा उठाएको उनले बताए । 'संसदबाट चुच्चे नक्सा सर्वसम्मतिले पारित गराउने उहाँ नै हो,' मण्डलले भने, 'यसअघि कुन माइकालाल प्रधानमन्त्रीले यस्तो कुरा उठाएका थिए ?' एमालेबाट अलग भएर नेकपा एकीकृत समाजवादी गठन गरेका माधवकुमार नेपाललाई मण्डलले अपराधी र गद्दारको संज्ञा दिए । कार्यक्रममा राष्ट्रियसभा सदस्य सुमनराज प्याकुरेलले प्रधानमन्त्री नियुक्त गर्ने आदेश दिएर अदालतले आफ्नो कार्यक्षेत्रको दुरुपयोग गरेको आरोप लगाए । 'संसारमा कतै पनि अदालतले प्रधानमन्त्री तोकेको छैन,' उनले भने, 'नेपालमा अदालतको दुरुपयोग गरिएको छ ।'

### रौतहटमा ट्याक्टर ऱ्याली

गौर । युरिया मल उपलब्ध गराउन तथा किसानलाई पेन्सनको माग गर्दै रौतहटमा ट्याक्टर ऱ्यालीसहित प्रदर्शन गरिएको छ । आईटी आर्मीको किसान मोर्चाले बुधबार जिल्लाको विभिन्न स्थानबाट आएका हजारौं ट्याक्टर रौतहटको मध्यभाग गरुडामा जम्मा भई सदरमुकाम गौरसम्म प्रदर्शन गरेका छन् । खेतीको मुल समयमा युरिया मलको अभाव हुने भएकोले किसानलाई हुने समस्या समाधान गर्न युरिया लगायतका मलखाद अविलम्ब उपलब्ध गराउन माग गर्दै प्रर्दशन गरिएको जनाइएको छ । प्रदर्शनकारीले किसानलाई सम्मान गर्दै किसानलाई पेन्सनको व्यवस्था गर्न, किसानलाई पर्याप्त र सहज ऋणको व्यवस्था गर्न, कृषि बिमा लागु गर्न, ट्याक्टरलाई लाग्ने सम्पूर्ण कर खारेज गर्न माग राखेका छन् । उनीहरुले दलाल पुँजीवादी व्यवस्था खारेज गरी किसान मजदुरको राज्य व्यवस्था लागु गर्न नाराबाजी गरेका थिए । प्रथम चरणको किसान संघर्षको कार्यक्रमको तहत आज ट्याक्टर ऱ्याली निकालिएको र माग पुरा गराउन लगातार संघर्ष जारी राख्ने पूर्व प्रदेशसभा सदस्य कुन्दन कुश्वाहाले बताए । उनले किसानका मागहरु सम्बोधन नभएको खण्डमा रौतहटमा मात्र नभई देशभर संघर्ष गर्ने बताए । ट्याक्टर ऱ्याली आयोजना आईटी आर्मीको किसान मोर्चाले भाद्र २७ गते प्रमुख जिल्ला अधिकारी मार्फत सरकारलाई ज्ञापन पत्र बुझाउने, भाद्र ३० गते मल उपलब्ध गराउने स्थानीय तहको सहकारी डिपो घेराउ गर्ने, असोज १ गते साल्ट ट्रेडिंग कर्पोरेसन र कृषि सामग्री कम्पनिको कार्यालयको घेराउ गर्ने तथा असोज ५ गते पहिलो चरणको संघर्षको कार्यक्रमको समीक्षा गरी दोस्रो चरणको संघर्षको घोषणा गर्ने जनाएको छ ।

### दर्जी खोलामा मृत फेला

मोरङ । पथरी शनिश्चरे नगरपालिका-८ डोलु शुक्रबारे बस्ने ६२ वर्षीय भोज बहादुर दर्जी सोही ठाउँस्थित डाँस खोलामा बुधबार मृत अवस्थामा फेला परेका छन् । कानेपोखरी गाउँपालिका-४ जान्छु भनि हिँडेकोमा फर्कि नआएपछि खोजी गर्नेक्रममा उक्त खोलामा उनको शव फेला परेको हो ।

# क्रान्तिकारीहरूको ध्रुवीकरणमा प्रभु साह

काठमाडौं । अहिले नेपाली राजनीतिक वृतमा चर्चामा रहने व्यक्ति हुन् पूर्वमन्त्री प्रभु साह । तत्कालीन नेकपा माओवादी केन्द्रका प्रभावशाली नेता प्रभु साह एमाले र माओवादी केन्द्रको एकताबाट गठित नेपाल कम्युनिष्ट पार्टीका केन्द्रीय सदस्य एवम् प्रदेश २ अध्यक्षको रुपमा सक्रिय थिए ।

जब नेकपा दुई चिरामा विभाजित भयो, त्यसपछि माओवादी पक्षबाट आएका उनले केपी ओलीलाई साथ दिदै मन्त्री समेत बनेका थिए । तर सर्वोच्च अदालतको फैसला पश्चात एमाले ब्युतेपछी यथास्थितिवादी भन्दै एमालेलाई स्वीकार नगरी अहिले उनी क्रान्तिकारीहरुको ध्रुवीकरणमा लागेका हुन् ।

नेकपा विघटन भएदेखि नै पूर्वमन्त्री साहले नेकपा एमाले नभई नेकपाकै निरन्तरताको रुपमा अगाडि बढ्नुपर्ने, माओवादी पक्षलाई सहअस्तित्वको रुपमा स्वीकार्नुपर्ने, नेकपाले अवलम्बन गरेकै विचारलाई पार्टीको विचार मान्नुपर्नेजस्ता मागहरु राखेर यथास्थितिमा एमाले स्वीकार्न नसक्ने स्पष्ट पारिसकेका छन् ।

तर अध्यक्ष ओली भने यथास्थितिमै बस्न खोजेको आरोप राजनीतिक वृत्तमा लागिरहेको बेला पूर्वमन्त्री साह क्रान्तिकारीहरुको ध्रुवीकरण गर्दै देशलाई स्थायित्व दिने दिशामा अगाडि बढेका छन् ।

नेकपा हुँदा देखि नै पार्टी एकता जोगाउन लगातार अग्रभुमिकामा रहेका पूर्वमन्त्री साहले अहिले क्रान्तिकारी ध्रुवीकरणमा केन्द्रित भएको उनी निकट एक नेताले बताए ।

'उहाँ लगातार कम्युनिष्ट एकताका लागि लड्दै आउनुभएको नेता हो । माओवादीमा हुँदा होस् चाहे नेकपामा उहाँ निरन्तर पार्टी एकताको स्पिरिटमा काम गर्नुभएको तपाई हामी सबैले देखेका हौं । सबै नेताहरु पदकै लागि एकता भाँडिरहेको बेला उहाँले प्रदेश अध्यक्षबाट राजिनामा समेत दिनुभएको थियो' ती नेताले भने, 'देशमा राजनीतिक संकट गहिरिदै गएको र उपलब्धि गुम्ने खतरा बढदै गएकोले क्रान्तिकारीहरुको ध्रुवीकरण आजको आवश्यकता बनेको छ । र उहाँ अहिले त्यही दिशामा केन्द्रित हुनुभएको छ ।'

तर नेकपा एमालेले भने पूर्वमन्त्री साहको एकता अभियानलाई सहज रुपमा लिएको छैन । एमालेका एक स्थायी कमिटी सदस्यले पूर्वमन्त्री साहले पार्टी छोडेर जादा पनि आफुहरुलाई फरक नपर्ने बताए । पूर्वमन्त्री साहले अहिलेसम्म एमाले नस्वीकारेकोले उनको अभियान व्यक्तिगत भएको ती स्थायी कमिटी सदस्यले जीकिर गरे ।

'अदालतले हामीलाई एमाले बन्न भन्यो हामी बन्यौं । कसैलाई एमालेमा बस्न मन लागेन भने पार्टी छोडे पनि हामीलाई केही फरक पर्दैन' ती सदस्यले भने, 'जहाँसम्म तपाईले सोधेको विषयमा भन्नुपर्दा उहाँले अहिलेसम्म एमाले स्वीकारेकै होइन । उहाँले जेसुकै गरे त्यो उहाँको नितान्त व्यक्तिगत विषय हो ।

विगतदेखि नै पूर्वमन्त्री साहले मुख्यतः वर्तमान राजनीतिक किचलो र अस्थिरता हटाउन क्रान्तिकारीहरु एक ठाउँमा उभिन आग्रह गर्दै आएका छन् ।

# राना समुदायको अधिकार देउवा सरकारले खोस्यो : राना समुदाय

कैलाली । सुदूरपश्चिमका राना समुदायका नागरिकले सरकारले राना भाषालाई उपेक्षा गरेको आरोप लगाएका छन् ।

भाषा आयोगले २०७६ कार्तिक १६ गते थारु भाषालाई पहिचान गरी तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली हुँदा प्रतिवेदन बुझाएको थियो । उक्त प्रतिवेदनमा पहिचान भएको राना थारु भाषालाई २०७६ साल माघ २० गते आदिवासी जनजातिको सूचीमा नेपाल सरकारले सूचीकृत गरेको थियो ।

कैलाली र कञ्चनपुरमा अहिले तीन लाख बढी राना थारु समुदायका नागरिकहरूको बसोबास छ । प्रदेशमा करिब ११ प्रतिशतभन्दा बढी नागरिक बसिरहको र कैलाली कञ्चनपुरका २७ बिद्यालयमा राना भाषाको अध्यापन भइरहेको हुँदा पनि वर्तमान सरकारले पूर्वाग्रही ढंगबाट कामकाजको भाषा बनाउनबाट रोकेको नेपाल राना थारु समाजका केन्द्रीय अध्यक्ष कृपाराम रानाले बताए ।

'अघिल्लो सरकारले हामीलाई सूचीकरण गरेपछि थप अधिकार स्थापित हुने अपेक्षा गरेका थियौं । तर, अहिले षडयन्त्रपूर्ण रूपले हामीलाई उपेक्षा गरिएको छ' उनले भने 'हामी यसविरुद्ध आन्दोलन गर्ने तयारीमा छौं ।'

२० वर्षदेखि आफ्नो पहिचान र अधिकारका लागि राना थारु समुदाय संघर्षरत छन् । कैलालीबाट निर्वाचित प्रतिनिधिसभा सांसद नारदमुनि रानाको पहलमा थारु जाति र उनीहरुको भाषाको पहिचान भएको थियो ।

सूचीकरणपछि प्रदेशमा सरकारी कामकाजको भाषा बन्ने अपेक्षा गरेका यहाँका नागरिक पुनः निराश भएका छन् ।

'हाम्रो भाषाको सबै मापनहरू पूरा भएको थियो थियो' अध्यक्ष रानाले भने 'हामीप्रति पूर्वाग्रही भएर सरकारी कामकाजको भाषा बन्न दिइएन ।'

मुलुकको जनसङ्ख्या, भाषा बोल्नेको संख्या, एकभन्दा बढी पालिकामा बोलिने भाषा, ऐतिहासिकता, पहिचान, लेखन प्रणाली विकास र प्रयोगलाई प्रमुख आधार मानेर आदिवासी जनजातिको सूचीमा सूचीकृत गरेता पनि पूर्वाग्रही भइ देउवा सरकारले खारेज गरेको प्रतिनिधिसभा सदस्य नारदमुनि रानाले बताए ।

दोस्रो संविधानसभाको निर्वाचनमा शेरबहादुर देउवा धनगढी क्षेत्रबाटै निर्वाचित भएका थिए । प्रतिनिधिसभा निर्वाचनमा भने देउवा पत्नी आरजु राणा देउवा धनगढी क्षेत्रबाट निर्वाचनमा होमिएकी थिइन् । दम्पती नै चुनाव लड्ने क्षेत्रमा रहेका समुदायप्रति उदासिन रहेको नेपाल राना थारु समाजका केन्द्रीय उपाध्यक्ष कमल रानाले बताए ।

'उहाँहरू निर्वाचनमा मात्रै त्यहाँको बिषयमा कुरा निकाल्नु हुन्छ । त्यसपछि यस्ता बिषयमा चासो दिनुहुन्न' उनले भने 'हामीले निकै मेहनत गरेर सिफारिस गरेको भाषालाई रोक्न प्रयास गर्नुहुन्छ । '

उनले आरजु राणा देउवाले निर्वाचनमा पराजय भोगेको पीडास्वरूप राना भाषालाई कामकाजको भाषा नबनाएको आरोप लगाए । पहिलो दिन मंगलबार काठमाडौंमा र त्यसपछि कैलाली कञ्चनपुरमा आन्दोलन गर्ने उनले बताए ।

## मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका पदाधिकारीको तलब रोक्का गर्न आदेश

जनकपुरधाम । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका पदाधिकारीहरूको तलब रोक्का गर्न अदालतले आदेश दिएको छ । प्रदेश २ सरकारले गठन गरेको उक्त प्रतिष्ठानका पदाधिकारीहरूको तलब रोक्का गर्न उच्च अदालत जनकपुरले अन्तरिम आदेश जारी गरेको हो । प्रतिष्ठानमा पदाधिकारीको नियुक्ति नियमसंगत नरहेको भन्दै न्यायाधीश धीरबहादुर चन्दको एकल इजलासले अन्तरिम आदेश दिएको हो । आदेशमा मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानको ऐन ४४ अनुसार विनियम र कार्यविधि नबनाई गरिएका नियुक्तिहरू कानुनसम्मत नभएको उल्लेख छ। अदालतले विनियम र कार्यविधि नबनुन्जेल नियुक्तिहरू कार्यान्वयन नगर्नू, कामकाज, तलब-सुविधा उपलब्ध नगराउनू भनेको छ ।

प्रदेश सरकारले प्रदेशभित्र स्वास्थ्य क्षेत्रमा सुधार ल्याउने उद्देश्यले मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना गरेको थियो । तर, प्रतिष्ठानको ऐनअनुसार पदाधिकारीको नियुक्ति नगरिएको भन्दै उच्च अदालतले काम, तलब तथा सुविधामा रोक लगाउने गरी अन्तरिम आदेश जारी गरेको हो । प्रदेश सरकारले गत वर्ष माघ १८ गते उपकुलपतिमा डा. रामकेवल साह, रेक्टरमा डा. अंकुर साह र रजिष्ट्रारमा डा. विनोदकुमार यादवलाई नियुक्त गरेको थियो । अधिवक्ता देवानन्द झाले तीनैजनाको नियुक्ति नियमसंगत नरहेको भन्दै प्रदेश-२ का मुख्यमन्त्री लालबाबु राउतलाई विपक्षी बनाई उच्च अदालत जनकपुरमा मुद्दा दर्ता गराएका थिए ।

## 'मानव सेवा आश्रमलाई आत्मनिर्भर बन्नुपर्छ'

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख विजय कुमार सरावगीले मानव सेवा आश्रम जस्ता संस्था आत्मनिर्भर बन्नुपर्नेमा जोड दिएका छन् । त्यसका लागि कसरी आय आर्जन गर्न सकिन्छ भनेर सोच्नुपर्ने उनको भनाई छ । वीरगञ्जमा बनाउन लागिएको आश्रम शाखाको भवनको प्रारम्भिक खाका प्रस्तुतीकरण कार्यक्रममा उनले त्यस्तो बताएका हुन् । 'मानव सेवा आश्रम मानसिक रुपमा अशक्तलाई राख्ने ठाउँ हो । दैनिक आवश्यकता परिपूर्तिका लागि स्रोतको अभाव छ, कसरी आम्दानी गरेर आत्मनिर्भर बन्न सकिन्छ सोच्नुपर्छ ।' उनले भने 'आश्रम परिसरमा पोखरी बनाएर माछा पाल्ने हो वा इको पार्क बनाएर पर्यटकलाई आकर्षित गर्न पो सकिन्छ कि जसरी हुन्छ आर्थिक स्रोत बढाउनमा ध्यान दिनुपर्छ ।' महानगरपालिकाले भोजपुरी प्रतिष्ठानको भवन बनाउँदा भूँई तलामा पसल राख्ने व्यवस्था मिलाएको जानकारी उनले दिए । नगर प्रमुख सरावगीले संघ, प्रदेश र स्थानीय सरकार मिलेर आश्रम भवन बनाउनुपर्नेमा जोड दिए । वीरगञ्ज महानगरकै सभाहलमा आश्रम शाखाको प्रस्तावित भवनको प्रारम्भिक खाका प्रस्तुत गरिएको थियो । श्रृंखला खतिवडाको गाथाले भवनको डिजाईनिङको काम गरिरहेको छ । वीरगञ्ज महानगरपालिकाले मानव सेवा आश्रम शाखाका लागि १८ कठ्ठा जमिन दिनुको साथै भवन बनाउन २५ लाख रुपैयाँ समेत प्रदान गरिसकेको छ । रेम्ड अर्थ प्रविधिबाट डिजाईन गरिएको भवन बनाउन २० करोड रुपैयाँ लाग्ने प्रारम्भिक अनुमान गरिएको छ । भोजपुरी कला सँस्कृति झल्कने, वातावरण सुहाउँदो, भूकम्प प्रतिरोधी र वास्तु शास्त्र मिलाएर भवन बनाउने ईन्जिनियरहरुले बताएका छन् । बाँस लगायत स्थानीय स्रोत साधनको बढी प्रयोग गर्ने उद्देश्य राखिएको छ । २०७४ जेठ १५ गते स्थापना भएको मानव सेवा आश्रम वीरगञ्ज शाखामा ५५ जना आश्रित छन् । कुनैपनि विदेशी दार्त निकायबाट शर्त सहितको अनुदान नलिने घोषणा मानव सेवा आश्रमले गरेको छ ।


- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. २, धनुषा, नेपाल

इमेल : malcprovince2@gmail.com


## संक्षिप्त समाचार

### कपलेश्वर नेविसंघ महामन्त्रीमा नियुक्त

काठमाडौं । कांग्रेस निकट विद्यार्थी संगठन नेविसंघको महामन्त्रीमा कपलेश्वर यादव नियुक्त भएका छन् । तत्कालीन नेपाल लोकतान्त्रिक फोरमका सांगठिक संरचना समायोजनका लागि भएको सहमति अनुसार सभापति शेरबहादुर देउवाले नेविसंघको केन्द्रीय तदर्थ कार्यसमितिको महामन्त्रीमा सुनसरीका यादवलाई नियुक्त गरेका हुन् ।

### मटरसहित २ जना पक्राउ

रूपन्देही । कोटईमाइ गाउँपालिका-५ दुइमुहानबाट अवैध रुपमा भारततर्फ लैजादै गरेको करिब १२ लाख ४० हजार रूपैयाँ बराबरको ३० क्विन्टल मटर सहित २ जनालाई मंगलबार साँझ प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा मर्चवारी गाउँपालिका-१ बस्ने ४५ वर्षीय हरीशंकर यादव र सोही ठाउँ बस्ने ३५ वर्षीय रतन यादव रहेका छन् । ईलाका प्रहरी कार्यालय मझगावाबाट खटिएको प्रहरीले जाँच गर्नेक्रममा लु.१ ज ४५१८ नम्बरको पिकअपमा भारततर्फ लैजादै गरेको उक्त मटर सहित फेला पारी उनीहरूलाई पक्राउ गरेको हो । उनीहरूलाई बरामद मटर तथा सवारी साधन सहित आवश्यक कारबाहीको लागि राजश्व अनुसन्धान कार्यालय बुटवल पठाईएको उक्त कार्यालयले जनाएको छ ।

### भरुवा बन्दुक बेच्ने पक्राउ

मोरङ । बेलबारी नगरपालिका-१ बस्ने ५२ वर्षीय बर्षीय आश बहादुर लिम्बुलाई भरुवा बन्दुक बनाई बेचबिखन गरेको अभियोगमा प्रहरीले पक्राउ गरेको छ । बिशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय बेलबारीबाट खटिएको प्रहरीले उनको घरबाट भरुवा बन्दुक १ थान, बन्दुक बनाउन प्रयोग गरिने नाल २ थान, काठको बट ४ थान, फलामको पड्किने पाशो भएको बन्दुक १ थान, बारुद १ केजी, हरिणको सिङ ५ थान, बन्दुकको नाल सफा गर्ने रड १ थान, फलामको काजो ३ थान लगाएत बन्दुक बनाउन प्रयोग हुने औजार बरामद गरेको छ । लिम्बुलाई ईलाका प्रहरी कार्यालय बेलबारीमा राखी थप अनुसन्धान भइरेको १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।

### लागूऔषधसहित युवक पक्राउ

रौतहट । यमुनामाई गाँउपालिका-५ बमनहरबाट नियन्त्रित लागूऔषध १ सय २ ट्याब्लेट नाइट्राभेट र १० एम्पुल डाइजेपाम सहित गौर नगरपालिका-४ टिकुलिया बस्ने १९ वर्षीय सन्तोष ठाकुरलाई प्रहरीले पक्राउ गरेको छ । शनिबार गौरबाट काठमाडौंतर्फ आउँदै गरेको ना.७ ख १९४१ नम्बरको बसलाई जाँच गर्ने क्रममा पाईन्टको खल्तीबाट उक्त लागूऔषध फेला पारी उनलाई पक्राउ गरेको हो । उनी उपर जिल्ला अदालत रौतहटबाट म्याद थप अनुमती लिई थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

### ट्रकको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

रूपन्देही । रोहिणी गाउँपालिका-३ रामनगरस्थित सडकमा ग.१ क ३२४६ नम्बरको ट्रकले लु.५६ प ४४९२ नम्बरको मोटरसाइकललाई बिहीबार दिउँसो ठक्कर दिँदा मोटरसाइकल चालक २५ वर्षीय नजारे मुसलवानको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको भिम अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार ३३ वर्षीय राजेश निषाधको सोही अस्पतालमा उपचार भइरहेको छ ।

### खोला तर्ने क्रममा बेपत्ता भएकाको शव फेला

बाँके । बाँके जिल्लाको खजुरा गाउँपालिका ७ सिमलघारीस्थित खोला तर्ने क्रममा बेपत्ता भएका सोही ठाउँ बस्ने ५५ वर्षिय धनविक्रम राईको शव सशस्त्र प्रहरीले फेला पारेको छ । सो घटनाबारे जानकारी पाउनासाथै सशस्त्र प्रहरी बल नेपाल नम्बर ४२ रिजर्भ गण सम्शेरगंजबाट खटिएको गोताखोरसहितको सशस्त्र प्रहरीले उनको शव फेला पारेको हो ।

### ठगी गर्ने १ जना पक्राउ

कैलाली । प्रहरीमा भर्ना गरिदिन्छु भन्दै ठगी गरेको अभियोगमा बझाङ मष्टा गाउपालिका-२ बस्ने २५ वर्षीय मनोज कुमार सिंहलाई प्रहरीले पक्राउ गरेको छ । हालै प्रहरी जवान पदको सम्पूर्ण परीक्षाहरु समाप्त भई अन्तिम नतिजा प्रकाशनको क्रममा रहेको अवस्थामा सिंहले एकजनालाई प्रहरी बनाई दिन्छु भन्दै ठगी गरिरहेको भन्ने सूचनाको आधारमा सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय धनगढी र जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनलाई कैलाली धनगढी उपमहानगरपालिका-३ चौराहबाट पक्राउ गरेको हो । उनको साथबाट प्रहरी बनाई दिने भन्दै पैसा माग गरी लिएको ६० हजार रुपैयाँको चेक र पीडितलाई फोन गरी धम्काई पैसा तथा चेक नदिए प्रहरीको छनौटबाट फेल गरिदिने भन्ने धम्की र प्रलोभन दिई फोन गरेको रेकर्ड समेत प्रहरीले बरामद गरेको छ । उनी उपर ठगी शीर्षक मुद्दा दर्ता गरी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय कैलालीले जनाएको छ ।

### जागिर लगाईदिन्छु भनि ठगी गर्ने पक्राउ

रौतहट । जागिर लगाईदिन्छु भनि विभिन्न ५ जना व्यक्तिहरू मार्फत् नगद ७ लाख ५५ हजार रुपैयाँ ठगी गरेको अभियोगमा यमूनामाई गाउँपालिका-१ बस्ने ४२ वर्षीय विनय राउत कुर्मीलाई सोही गाउँपालिकास्थित सुकदेवचौकबाट प्रहरीले पक्राउ गरेको छ । विनयले पीडितहरूलाई गत वैशाख २० गते दिउँसो गौर नगरपालिका-८ स्थित झोलुङगेपुल नजिक बाँसघारीमा बोलाई चिनजान गरी प्रलोभन र गफलतमा पारी मेरो प्रहरीमा राम्रो सम्पर्क छ, भगौडा प्रहरीको खाली ठाउँमा जागिर लगाईदिन सक्छु, सो भएन भने विदेशमा राम्रो काममा पठाई दिन्छु भन्दै उक्त नगद ठगी गरी फरार रहेका उनलाई प्रहरीले पक्राउ गरेको हो । उनीउपर जिल्ला अदालत रौतहटबाट ठगी सम्बन्धी कसूरमा ५ दिन म्याद थप अनुमती प्राप्त गरी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

### चोरीनिकासीको सुपारी बरामद

रुपन्देही । रुपन्देही जिल्लाको सिद्धार्थनगर नगरपालिका ११ भुजौलीस्थित सीमा ईलाकाबाट सशस्त्र प्रहरीले ६ लाख रुपैयाँ मूल्य बराबरको चोरीनिकासीको सुपारी बरामद गरेको छ । अवैध रुपले चोरीनिकासी गरी भारततर्फ लैजानको लागि लुकाई छिपाई राखेको एक हजार के.जी. सुपारी सशस्त्र प्रहरी बल नेपाल नम्बर २७ गण रुपन्देहीबाट खटिएको सशस्त्र प्रहरीले बरामद गरेको हो ।

### ४ किलो २१.४९ ग्राम सुन सहित २ जना पक्राउ

बाँके । नेपालगंज उपमहानगरपालिका-२० राझाँ एअरपोर्टबाट ४ किलो २१.४९ ग्राम सुन सहित २ जनालाई शुक्रबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा झापा खादुनावारी गाविस-६ ठेगाना भएका २६ वर्षीय अमिर लगुन विश्वकर्मा र मोरङ लेटाङ गाविस-२ ठेगाना भएका २८ वर्षीय बुद्दीमान खाती रहेका छन् । श्री एअरलाइन्सको उडानद्वारा काठमाडौंबाट नेपालगंज आएका उनीहरुलाई नेपालगंज विमानस्थलको आगमन कक्ष वाहिर शंकास्पद रुपमा फेला पारी प्रहरीले तलासी गर्दा विश्वकर्माले लगाएको जुत्तामा रहेको सुन जस्तो देखिने ४ थान विस्कुट र खातीले लगाएको जुत्ताको तलुवामा रहेको सुन जस्तो देखिने २ थान विस्कुट गरि जम्मा ६ थान विस्कुट (काँचो सुन ३ किलो ९९४ ग्राम) र खातीले बोकेको झोलाबाट सुनको जस्तो देखिने तिलहरी १ थान, वाला १ थान, गणेश लकेट ५ थान (तौल २७.४९ ग्राम ) गरी जम्मा ४ किलो २१.४९ ग्राम सुन फेला पारी उनीहरुलाई पक्राउ गरेको हो ।

### विभिन्न हातहतियार सहित १ जना पक्राउ

कैलाली । गोदावरी नगरपालिका-१० दमैरा बस्ने २३ वर्षीय प्रदेशी चौधरीलाई एकनाले भरुवा बन्दुक लगायत विभिन्न हातहतियार सहित शुक्रबार राति प्रहरीले पक्राउ गरेको छ । सोही ठाउँस्थित दमौरादेखि मालाखेती जाने भित्री सडकमा अस्थायी प्रहरी पोष्ट चौकोडाँडाबाट खटिएको प्रहरीले चौधरीलाई उक्त बन्दुक सहित फेला पारी पक्राउ गरेको हो । साथै उनको झोलाबाट साइकलको छर्रा ४५ थान, साइकलको धुरा काटी बनाएको गोली ८ थान, गुलेली १ थान, रेन्ची १ थान, फलामको धुलो, केप बनाउने साँचो, सलाई १ थान, रबर डोरी १ थान र बारुद समेत प्रहरीले बरामद गरेको छ ।

# पुनर्निर्माणका लागि भारतद्वारा ४ सय २० करोड रुपैयाँ अनुदान

काठमाडौं । भारत सरकारको अनुदान सहयोगमा सांस्कृतिक सम्पदा परियोजना र स्वास्थ्य परियोजनाको पुनर्निर्माणका लागि सम्झौतापत्रमा हस्ताक्षर भएको छ ।
काठमाडौंस्थित भारतीय दूतावासकाअनुसार नेरु ४ सय २० करोड अनुदान सहयोगमा १४ वटा सांस्कृतिक सम्पदा परियोजना र १ सय ३ वटा स्वास्थ्य परियोजनाको पुनर्निर्माणका लागि सम्झौतापत्रमा हस्ताक्षर भएको हो ।
ललितपुर, नुवाकोट, रसुवा र धादिङ्ग जिल्लामा १४ वटा सांस्कृतिक सम्पदा परियोजना तथा ललितपुर, रसुवा, नुवाकोट, सिन्धुपाल्चोक, रामेछाप, दोलखा, गुल्मी, गोरखा र काभ्रे जिल्लामा १०३ वटा स्वास्थ्य परियोजनाका पुनर्निर्माणका लागि भारतीय राजदूतावास र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन) ले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन् ।
विकास साझेदारी तथा पुनर्निर्माण प्रभागका प्रथम सचिव करुण वंशल र केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन) का परियोजना निर्देशक श्याम किशोर सिंहको उपस्थितिमा दुवै पक्षले उक्त सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन् ।
२०७२ सालको भूकम्पले क्षति पुगेका यी परियोजनाहरुको नेरु ४२० करोड अनुदान सहयोगमा पुनर्निर्माण गरिनेछ । दुवै स्वास्थ्य तथा सांस्कृतिक सम्पदा परियोजनाको कार्यान्वयन निकाय राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन) रहेको छ ।
उक्त कार्यक्रममा भारतीय राजदूतावास, केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन) का अधिकारीहरु तथा भारत सरकारको परियोजना परामर्शदाता आइएनटिएसिएच र सिबिआरआईका प्रतिनिधिहरुले सहभागीता जनाएका थिए ।
शिक्षा, सांस्कृतिक सम्पदा, स्वास्थ्य क्षेत्रका लागि ५० मिलियन अमेरिकी डलर र आवास क्षेत्रका लागि १०० मिलियन अमेरिकी डलरका दरले भारत सरकारले भूकम्पपछिको पुनर्निर्माण कार्यक्रम अन्तर्गत कूल २५० मिलियन अमेरिकी डलर विनियोजन गरेको छ ।
भारत सरकारको अनुदान सहयोगमा ७ जिल्लामा ७१ वटा शैक्षिक परियोजना, २८ वटा सांस्कृतिक सम्पदा परियोजनाको निर्माण भइरहेको छ । त्यस्तै नेपालका १० जिल्लामा १४७ वटा स्वस्थ्य सुविधा र गोरखा र नुवाकोट जिल्लामा ५०,००० वटा घरहरुको निर्माण भइरहेको छ ।

# अपांगता भएका १० जनालाई स्कुटी प्रदान

मणि प्रसाद गैह्रे, कपिलवस्तु । अपांगता भएका स्थानीयहरुको दैनिक जीवनमा सहजाता ल्याउन कपिलवस्तुको शुद्धोधन गाउँपालिकाले अपांगता भएका १० जनालाई चार पाङ्ग्रे स्कुटी प्रदान गरेको छ । अपांगताका कारण हिडडुल गर्न नसक्दा कष्टकर जीवन बिताइरहेका उनीहरुलाई सो स्कुटी प्रदान गरिएको हो । आइतबार गाउँपालिका अध्यक्ष निसार अहमद खाँ, उपाध्यक्ष सुधादेबी पाण्डेय, प्रमुख प्रशासकीय अधिकृत कृष्ण प्रसाद ज्ञवालीले उनीहरुलाई स्कुटी र साँचो हेलमेट हस्तान्तरण गरेका थिए ।
स्कुटी टिभिएस कम्पनीको १ सय १० सिसिको रहको छ । कुल २१ लाख लागतको स्कुटी प्रदान गरिएको अध्यक्ष खाँले बताए । अघिल्लो आर्थिक बर्ष पनि १० जना अपांगता भएका ब्यक्तिलाई पालिकाले स्कुटी प्रदान गरेको थियो । चालु आर्थिक बर्षकालागि पनि १० जना अपांगता भएका ब्यक्तिलाई स्कुटी प्रदान गर्न २२ लाख बजेट बिनियोजन गरिएको प्रमुख प्रशासकीय अधिकृत ज्ञवालीले बताए ।
सानै उमेरमा पोलियोका कारण खुट्टामा समस्या आई हिडडुल गर्न नसकेका पालिकाको वडाहरुबाट प्राथमिकताका आधारमा छनौट गरी १० जनालाई स्कुटी प्रदान गरिएको प्रमुख खाँले बताए । 'घिस्रिएर हिडन पर्दा घरमै सिमित भएका ब्यक्तिहरुको दैनिक जिवनमा सहजताकालागि हामीले उनीहरुलाई स्कुटी दिएका हौं' उनले भने । स्कुटी पाएर दुःखी जीवन बिताईरहेको उनीहरुको खुशीको लहर आउने उनले बताए । 'स्कुटीले उनीहरुलाई आउजाउ गर्न मात्र होईन अब आफलै केही गररे जीवन गुजारा समेत गर्न सक्छन्' उनले भने 'पालिकाले उनीहरुको दुःखी जीवनमा मल्हम लगाएर सानो खुशी दिन खोजेका हो' उनले भने । पालिका उपाध्यक्ष पाण्डेयले अपांगता भएका ब्यक्तिहरुको दुःखी जीवन देखेर नै पालिकाले उनीहरुलाई स्कुटी दिएको बताइन् । पालिकाको वडा नम्बर ३ गुलरी घर भई रुपन्देहीको तेनुहवा सामुदायिक बिदालयमा कक्षा १२ मा अध्ययनरत अन्जना कुर्मीले स्कुटीले आफुलाई अध्ययनमा निकै सहजता थपेको बताइन् । आधा घन्टा लगाएर दैनिक बिदालय साईकलमा आवजजावत  गर्ने गरेकी उनले अब भने ५ मिनट मै बिदालय पुग्ने बताईन । सानैमा पोलियोका कारण खुट्टामा समस्या आएर हिडडुल गर्न समस्या परेको उनले बताइन् । उनले स्कुटीले आफुलाई माथिल्लो कक्षामा पढन पनि उत्साह थपेको बताइन् । गाउँपालिकाका सबै वर्ग र क्षेत्रलाई आवश्यकताको आधारमा वभिन्न वितरणमुखी ,क्षमता विकास तथा अनय समाजिक र आर्थिक विकासका काम गदै आएको अध्यक्ष निसार अहमद खांले बताए ।

# नवलपुरमा किसान मार्ट सञ्चालन

नवलपरासी नवलपरासी (बर्दघाट-सुस्तापूर्व) को गैंडाकोटमा रु ६ करोडभन्दा बढी लगानीमा किसान उपभोक्ता सहकारी संस्था लिमिटेडले 'किसान मार्ट' सञ्चालनमा ल्याएको छ । गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले गैंडाकोट-४ स्थित गैंडाकोट एग्रो मार्ट परिसरभित्र सो मार्टको उद्घाटन गरेका छन् ।
किसान बचत तथा ऋण सहकारी संस्था लिमिटेडले प्रवर्द्धन गरेको किसान मार्ट किसान उपभोक्ता सहकारी संस्था लिमिटेडले सञ्चालन गर्ने संस्थाका अध्यक्ष तिलकप्रसाद पराजुलीले बताए । ७५ हजारभन्दा बढी सदस्य रहेको सहकारीका ५०० शेयर सदस्यको लगानीमा किसान मार्ट सञ्चालन भएको पराजुलीको भनाइ छ ।
विशेषगरी गैंडाकोट नगरपालिका- १, २, ३ र ४ तथा अन्य वडाकासमेत नगरवासीको सुविधालाई ध्यानमा राखी किसान मार्ट सञ्चालन गरिएको पराजुलीले बताए । मार्टमा स्थानीयले दैनिक उपभोग्य वस्तु सहज रुपमा प्राप्त गर्न सक्नेछन् ।
आगामी दशैं, तिहारसम्म किसान उपभोक्ता सहकारी संस्था लिमिटेडले गैंडाकोट नगरपालिकाभित्रका थप तीन स्थानमा मार्ट सञ्चालनको तयारी गरेको छ । दुई महिनाभित्र सहकारीले गैंडाकोटको वडा नं  ८, १० र १२ मा मार्ट सञ्चालन गर्ने गरी काम थालेको किसान उपभोक्ता सहकारी संस्थाका अध्यक्ष पराजुलीले बताए ।
किसान उपभोक्ता सहकारी संस्था लिमिटेडले सञ्चालन गरेको किसान मार्टले स्थानीयले उत्पादन गरेको वस्तु तथा सेवाको प्रवर्द्धन गर्ने मुख्य लक्ष्य लिएको छ । किसान मार्टको प्रवर्द्धक संस्था किसान बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष श्रीहरि चालिसेले स्थानीयले उत्पादन गरेका वस्तु तथा सेवा किसान मार्टमार्फत बिक्रीवितरण गर्ने योजना रहेको जानकारी दिए ।
महिला उद्यमीले उत्पादन गरेका वस्तु तथा सेवाको बजारीकरण र अर्गानिक खाद्य वस्तुको प्याकेजिङ गर्ने योजनासमेत रहेको उनको भनाइ छ । किसानले उत्पादन गरेका वस्तु तथा सेवाको सहज रुपमा बजारीकरण र सहुलियत दरमा उपभोक्तालाई बिक्री वितरण गर्नु नै मार्टको लक्ष्य रहेको अध्यक्ष चालिसेले बताए ।
स्थानीय उत्पादन अदुवा बेसार, दाल, चामल, धान, मकैलगायत खाद्यान्न सामग्रीलाई प्याकेजिङ गरी गुणस्तर कायम हुने गरी मार्टमार्फत उपलब्ध गराइने उनको भनाइ छ । आगामी दुई वर्षभित्र किसान ब्राण्डको शुद्ध खाने तेल उत्पादन गरी उपभोक्तामाझ लैजानेसमेत योजना रहेको अध्यक्ष चालिसेले जानकारी दिए । किसान मार्टमा हाल ११ जनाले प्रत्यक्षरुपमा रोजगारीको अवसर पाएका छन् ।
कम मुनाफा र सेवा भावले सञ्चालन गरिएको किसान मार्टलाई राष्ट्रियस्तरमा लैजाने गरी सञ्चालन गरिएको बताइएको छ । तीनखम्बे अर्थनीतिको महत्वपूर्ण पाटोका रुपमा सहकारी संस्था रहेको भन्दै गैंडाकोटका नगरप्रमुख छत्रराज पौडेलले 'एक सहकारी एक उत्पादन' मा जोडदिनुपर्ने बताए । सहकारी उत्पादनमा केन्द्रित हुनुपर्ने भन्दै उनले उत्पादनमैत्री लगानी हुनु नपर्ने आवश्यकता औंल्याए । गैंडाकोट नगरपालिकाबाट जिल्ला, प्रदेश हुँदै राष्ट्रियस्तरमा स्थानीय उत्पादन पुर्याउने किसान मार्टको तयारी छ । यहाँको उत्पादन प्रवर्द्धनमा स्थानीय तथा प्रदेश सरकारले समन्वय गर्नुपर्नेमा किसान उपभोक्ता सहकारी संस्थाका अध्यक्ष पराजुलीको भनाइ छ ।

# मटिहानीमा विद्यालय भवन शिलान्यास

महोत्तरी । महोत्तरी जिल्लाको मटिहानी नगरपालिकाका नगर प्रमुख (मेयर) हरि प्रसाद मण्डलले एक समारोहबीच श्री राम माध्यमिक विद्यालय मटिहानीमा निर्माण हुने थप विद्यालय भवनको शिलान्यास गरेका छन् । सो अवसरमा उनले विद्यालयको थप भवन निर्माणले शिक्षा क्षेत्र एवं पठन-पाठनमा सहयोग पुग्ने भयो । विद्यालयमा निर्माण हुने सो ४ चार कोठे भवन शिक्षा  विज्ञान तथा प्रविधि मन्त्रालय र मटिहानी नगरपालिकाको विद्यालय भौतिक पूर्वाधार निर्माण कार्यक्रम अन्तर्गत ३६ (छत्तिस) लाखको लागतमा सो भवन निर्माण हुने कुरा जनाइएको छ । वि.स. २००९ सालमा स्थापीत सो श्री राम माध्यमिक विद्यालय मटिहानीमा हाल १८४५ (एक हजार आठ सय पैतालिस) छात्र-छात्राहरु अध्ययनरत रहेका छन् ।
श्री राम माध्यमिक विद्यालयका प्रधानाध्यापक अजय पाण्डेयको सभापतित्वमा सम्पन्न शिल्यानास कार्यक्रममा वडा अध्यक्षहरु गणेश प्रसाद साह, जितनारायण माझी, रामबाबु नायक, मईनुद्दीन राईन, महोत्तरी उद्योग बाणिज्य संघका अध्यक्ष मोहन प्रसाद गुप्ता, अरुण नाहर, नेपाल उद्योग बाणिज्य महासंघका केन्द्रिय सदस्य विजय कुमार साह, पार्टी प्रतिनिधिहरु राम कुमार मण्डल, उपेन्द्र चौधरी, उमाशंकर साह, नागेन्द्र लाल कर्ण, शंकर साह, शिक्षा संयोजक चन्देश्वर साह, राजकिय स.मा.वि.का प्र.अ. ईश्वरी पौड्याल लगायतका उपस्थिति रहेको थिए । यसैबीच सो विद्यालयमा निर्माण हुने स्वच्छ खानेपानी योजनाको लागि टंकी निर्माणको पनि मटिहानी नगरपालिकाका मेयर मण्डलले शिलान्यास गरेका हुन् ।

# कपिलवस्तु अस्पतालमा अक्सिजन ग्यास उत्पादन सूरु

कपिलवस्तु । कोरोनाको कहरमा अक्सिजनको हाहाकार भई उपचारमा समस्या भएपछि अहिले देशका विभिन्न स्थानमा अक्सिजन प्लान्टमार्फत अक्सिजन उत्पादन कार्यको सूरुवात भएको छ । कपिवस्तु जिल्लाको सदरमुकाम तौलिहवास्थित कपिलवस्तु अस्पतालमा जडान गरिएको अक्सिजन प्लान्टबाट अक्सिन उत्पादन कार्यको सूरुवात गरिएको हो ।
एक महिनाअघि नै प्लान्ट जाडान गरिएकोमा पाँच दिनदेखि परीक्षण उत्पादन सूरु भएको छ । २ हप्ताअघि नै नमुनाको रुपमा ग्यास उत्पादन कार्य सूरु भएको स्पतालका मेडिकल सुपरिटेण्डन्ट डा. किशोर बन्जाडेले बताए ।
केही समस्या आएकाले केही दिन रोकेर पाँच दिनअघिदेखि फेरि परीक्षणका रुपमा उत्पादन सुरु गरिएको उनले बताए । 'प्लान्टबाट नमुनाका रुपमा ग्यास उत्पादन सूरु भएको छ । क्षमताभन्दा केही विस्तारै उत्पादन भइरहेको छ' उनले भने ।
केही दिनमै प्लान्टबाट पुरा क्षमतामा ग्यास उत्पादन हुने उनले बताए । ग्यास जडानको लागि फेयर ट्रेड प्रालिले प्रतिस्पर्धा माफर्त १ करोड २८ लाखमा प्लान्ट निर्माणको काम पाएको थियो ।
गत असार ८ गते कामको संझौता भई असार मसान्त सम्म काम सकाउने समयसिमा दिइएकोमा केही प्राबिधिक कारणले समयमा हुन नसकेको मेसु बन्जडाले बताए ।
ठेकेदार कम्पनीले सो मेशीन जडान जिसि जिसि रिसर्च एन्ड डेभ्लप्ममेन्टलाई जिम्मा दिएको थियो । कम्पनीका ईन्जीनयिर देबेन्द्र श्रेष्ठले प्लान्ट पुर्ण क्षमतामा चले प्रति मिनेट ४ सय १६ लिटर अक्सिन उत्पादन हुने बताए । चाईनाबाट ल्याइएको सो प्लान्टमा ट्रान्सफर्मर, कम्प्रेशर, फिलिङ ड्रायर, एडप्सन ड्रायर, फिल्टर, सेप्रेशन सिस्टम, गेस बफर टेङक स्टेरिलाईजीङ फिल्टर रहेको श्रेष्ठले बताए ।
तेश्रो लहरमा भने जिल्लामा अब अक्सिनको अभाव नहुने बन्जाडले दाबी गरे । प्लान्टको लागि संघीय सरकारले कपिलवस्तु अस्पताललाई डेढ करोड रकम छुट्टाएको थियो । बिद्युतको बिल लगायतकाका अन्य खर्च ब्यपस्थापनमा भने चुनौती रहेको मेसु बन्जाडोले बताए ।
कोरोनाको दोश्रो भेरियन्टमा छिमेकी जिल्ला लगायत अन्य ठाउंवाट अक्सिजन आयात गर्नुपर्ने वाध्यता थियो । अब मेसिनले नियमित काम गरेमा जिल्लाका विरामी तथा जनताको उपचारमा समस्या नहुने  समेत अस्पतालले जनाएको छ ।
अक्सिजन राख्नको लागि खली सिलिण्डर अझै कमी भएकोले विभिन्न निकाय संग सहकार्य गरि धेरै मात्रामा अक्सिजन स्टोरेज गरेर राख्ने काममा अस्पताल लागेको व्यवस्थापक रत्नाकर शुक्लाले बताए ।

# भारतबाट ८ लाख टन कोइला आयात

काठमाडौं । भारतले चालू आर्थिक वर्षमा नेपाललगायत छिमेकी देशमा ८ लाख टन कोइला निर्यात गरेको छ । निर्यात गरिएको कूल परिणाममध्य सबैभन्दा बढी अर्थात ७७ दशमलव २० प्रतिशत नेपाल भित्रिएको छ । भारतको कोइला मन्त्रालयको तथ्यांकअनुसार नेपालपछि वंगलादेशमा धेरै कोइला निर्यात भएको छ । वंगलादेशमा कूल परिणामको १३ दशमलव ४ प्रतिशत निर्यात भएको तथ्यांकमा उल्लेख छ ।
उत्पादनभन्दा माग बढी भएकोले आपूर्तिमा कठिनाई भएको मन्त्रालयले जनाएको छ । 'माग बमोजिम आपूर्तिमा कठिनाई भए पनि भारतले आर्थिक वर्ष २०२०/०२१ मा आफ्ना छिमेकी मुलुकमा गुणस्तीय कोइला निर्यात गरेको छ,' मन्त्रालयले भनेको छ ।
पर्याप्त कोइला खानीका बाबजुद उत्पादित कोइलाले माग धान्न कठिनाइ भएको मन्त्रालयले जनाएको छ । भारतले उच्च गुणस्तरको कोइला आपूर्ति सिमित भएको पनि स्वीकारेको छ । माग र आपूर्ति संतुलित पार्न तथा गुणस्तीय कोइला उत्पादन गर्न अन्य मुलुकबाट खरानी कम भएको कोइला आयात गर्नुपर्नेमा मन्त्रालयले जोड दिएको छ । भारतले विभिन्न देशबाट कच्चा कोइला आयात गर्छ ।


**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**लालकिशोर साह**
**नगरप्रमुख**
**जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २**



**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**हरिप्रसाद मण्डल**
**नगरप्रमुख**
**मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २**

## विश्व परिवेश

# भारतीय प्रधानमन्त्री मोदी बने विश्वकै सबैभन्दा लोकप्रिय नेता

काठमाडौं । भारतका प्रधानमन्त्री नरेन्द्र मोदी विश्वकै सबैभन्दा लोकप्रिय नेता बनेका छन् । विश्व नेताहरुको लोकप्रियता मापन गर्ने अमेरिकी अध्ययन एजेन्सी मर्निङ कन्सल्टको नयाँ सूचीमा मोदीले विश्वका अन्य १३ नेताहरुलाई पनि उछिनेका छन् ।

मर्निङ कन्सल्टले सेप्टेम्बर २ मा नयाँ सूची सार्वजनिक गरेको हो । प्रत्येक साता यो एजेन्सीले नयाँ सूची सार्वजनिक गर्छ । ७० प्रतिशत अप्रुभल रेटिङसहित मोदी शीर्ष स्थानमा छन् ।

सर्भेअनुसार मोदी अप्रुभल रेटिङमा सबैभन्दा अगाडि रहन सफल भएका हुन । उनको अप्रुभल रेटिङ ७० प्रतिशत रहेको छ । जबकि उनले अमेरिकी राष्ट्रपति जो बाइडेन र इङल्याण्डका प्रधानमन्त्री बोरिस जोन्सनसहित विश्वका १३ देशका राष्ट्र प्रमुख पछाडि छुटेका छन् । गत २ सेप्टेम्बरमा अपडेट गरिएको सर्भेअनुसार मोदी निकै अगाडि छन् ।

सर्भे अनुसार कोरोनाको दोस्रो लहरका दौरान प्रधानमन्त्री मोदी अलोकप्रिय हुँदै गएका थिए । उनको रेटिङ डिसअप्रुभलतिर थियो । त्यतिबेला कोरोनाका कारण अस्पतालमा अक्सिजनको अभावमा बिरामीको धमाधम ज्यान गइरहेको थियो । मोदी नेतृत्वको सरकारले उक्त मुस्किल हालतलाई सम्हाल्यो । सन् २०२० को मे महिनामा मोदीको अप्रुभल रेटिङ ८४ प्रतिशत थियो । यस्तो छ अन्य देशका प्रमुखहरुको रेटिङ- मेक्सिकोका राष्ट्रपति लोपेज आब्राडोर ६४ प्रतिशतसहित दोस्रो तथा इटलीका प्रधानमन्त्री मारियो ड्रागी ६३ प्रतिशतसहित तेस्रो स्थानमा छन् । जर्मन चान्सलर एन्जेला मर्केल ५२ प्रतिशतसहित चौथो नम्बरमा छिन् ।



अमेरिकी राष्ट्रपति बाइडेन भने ४८ प्रतिशतसहित पाँचौं स्थानमा छन् ।

अष्ट्रेलियाका प्रधानमन्त्री स्कट मोरिसन ४८ प्रतिशतसहित छैटौं स्थानमा छन् । क्यानडाका जस्टिन ट्रुडो ४५ प्रतिशतसहित सातौं तथा इङल्याण्डका बोरिस जोन्सन ४१ प्रतिशतसहित आठौं स्थानमा छन् ।

ब्रजिलका जेर बोल्सोनैरो ३९ प्रतिशतसहित नवौं, दक्षिण कोरियाका मुन जे-इन ३८ प्रतिशतसहित दशौं, स्पेनका पेड्रो सान्चेज ३५ प्रतिशतसहित ११ औं, फ्रान्सका इमानुएल म्याक्रों ३४ प्रतिशतसहित १२ औं तथा जापानी प्रधानमन्त्री योशिहिदे सुगा २५ प्रतिशतसहित १३ औं स्थानमा रहेका छन् ।

उक्त लोकप्रिय र अलोकप्रिय रेटिङ ७ दिनको मुभिङ एभरेजमा निकालिएको थियो । यो आँकडा तयार गर्नका लागि भारतमा करिब २१२६ अनलाइन अन्तर्वार्ता गरिएको पनि जनाइएको छ ।

# वैश्विक व्यापार मा प्रभुत्व प्राप्त गर्न भारत पुन: तयार

'आत्मनिभर भारत' को सम्पन्नता का लागी एक कदम स्वरुप भारत सरकारले कपडा व्यवसायी का लागि उत्पादन प्रोत्साहन (पीएलआई) योजना अनुमोदन गरेको छ। जसको कार्यान्वयन का लागि सरकारले १० हजार ६ सय ८३ करोड रुपैयाँ विनियोजन गरेको छ। यस योजना अन्तर्गत योजना मानव निर्मित फाइबर ( एमएमएफ), एमएमएफ कपडा र १० वटा क्षेत्र/प्राविधिक कपडा का उत्पादनहरु सामेल छन्।

यस योजना बाट फेरि एकपटक भारतीय व्यवसाय विश्वविजेता को रुपमा उदाउन सक्नेछन्। यसबाट साढे सात लाख मानिसले प्रत्यक्ष रोजगार प्राप्त गर्नसक्ने छन् र लाखौं मानिसले अतिरिक्त रोजगार प्राप्त गर्नसक्ने छन्। यस योजना ले वैश्विक व्यापार मा प्रभुत्व प्राप्त गर्न भारतलाई पुन: तयार गरेको छ।

१३ क्षेत्र का लागी पीएलआई योजना

बुधवार केन्द्रीय मन्त्रिपरिषदले यस योजनाको अनुमोदन गरेको हो। यसअघि आर्थिक वर्ष २०२१-२२ को लागि केन्द्रीय बजेट को क्रममा १३ क्षेत्र का लागी १.९७ लाख करोडको पीएलआई योजना घोषणा गरिएको थियो।

१३ क्षेत्रका लागी पीएलआई योजना को घोषणा बाट भारतले पाँच वर्ष को अवधिमा ३७.५ लाख करोडको न्यूनतम उत्पादन गर्न सक्नेछ साथै पाँच वर्ष मा १ करोड न्यूनतम अपेक्षित रोजगार सिर्जना गर्नसक्ने छ।

पीएलआई योजना, राज्य र केन्द्रीय कर र लेवीको छूट, निर्यात गरिएका उत्पादनहरु मा शुल्क र कर मा छुट, र प्रतिस्पर्धी मूल्यमा कच्चा माल उपलब्ध गराउने र कौशल विकास जस्ता अन्य उपायहरु बाट कपडा व्यवसाय मा एक नयाँ युगको सुरुवात गर्नसकिने छ।

पीएलआईले उच्चस्तरीय कपडालाई बढावा दिने

पीएलआई योजनाले देश मा उच्च स्तरीय एमएमएफ कपडा, वस्त्र र प्राविधिक कपडा व्यवसायलाई बढावा दिनेछ। उद्योगहरुलाई यी क्षेत्रहरुमा लगानी गर्न प्रोत्साहित गर्नका निम्ति प्रोत्साहन संरचना तर्जुमा गरीएको छ। यसबाट कपास र अन्य प्राकृतिक फाइबर मा आधारित कपडा उद्योग को स्तरोन्नति, रोजगार सिर्जना र व्यापार को लागी नयाँ अवसरहरु प्रदान गर्न सकिने छ।

प्राविधिक कपडा क्षेत्र नयाँ युगको कपडा व्यवसाय हो। यसको मद्दतबाट पूर्वाधार, पानी, स्वास्थ्य र स्वच्छता, रक्षा, सुरक्षा, अटोमोबाइल, उड्डयन जस्ता अर्थव्यवस्था का धेरै क्षेत्रहरु मा दक्षता सुधार गर्न सकिने छ।

यस क्षेत्र मा रक्षा र सुरक्षाको प्रयास लाई बढावा दिन सरकारले विगत मा एक राष्ट्रीय प्राविधिक कपडा अभियान को शुरुवात गरेको थियो। पीएलआई ले यस क्षेत्रमा लगानी थप्न अझ मद्दत गर्नेछ।

रोजगार सृजना, महिला सशक्तीकरण

आगामी पाँच बर्षको अवधिमा, यस योजनाले १९ हजार करोड रुपैयाँ भन्दा बढीको नयाँ लगानी भित्र्याउने अपेक्षा गरिएको छ। यसबाट साढे सात लाख मानिसले प्रत्यक्ष रोजगार प्राप्त गर्नसक्ने छन् र लाखौं मानिसले अतिरिक्त रोजगार प्राप्त गर्नसक्ने छन्। यसका साथै यस योजना अन्तर्गत ३ लाख करोड भन्दा माथिको संचयी कारोबार हासिल हुने आशा पनि गरिएको छ। कपडा उद्योगले मुख्य रूपमा महिलाहरुलाई रोजगार प्रदान गर्दछ। तसर्थ यस योजनाले महिलाहरुलाई सशक्त बनाउनेछ र औपचारिक अर्थतन्त्रमा उनीहरुको सहभागिता बढाउनेछ।

यस योजना अन्तर्गत जिल्ला, शहरी क्षेत्र, तथा ग्रामीण क्षेत्रहरुमा लगानी गर्न प्राथमिकता दिईनेछ। यस योजनाले गुजरात, उत्तर प्रदेश, महाराष्ट्र, तमिलनाडु, पन्जाब, आन्ध्र प्रदेश, तेलंगाना, र ओडिशा जस्ता राज्यहरुमा सकारात्मक प्रभाव पार्नेछ ।–इण्डिया न्यूज नेटवर्क

# भारतीय नौसेना उड्डयन राष्ट्रपति रंगद्वारा सम्मानित

सोमबार राष्ट्रपति रामनाथ कोविन्द ले भारतीय नौसेना उड्डयनलाई राष्ट्रपति रंगद्वारा सम्मानित गरेका छन्। शान्ति र युद्ध दुबै का लागि प्रदान गरेको असाधारण सेवाका लागि दिइने यो सबैभन्दा ठूलो सम्मान हो। गोवा मा आईएनएस हंस मा आयोजित एक समारोहमा राष्ट्रपति रंग प्रदान गरिएको थियो। यस अवसरमा १ सय ५० पुरुष गार्ड अफ अनर ले राष्ट्रपति समक्ष एक औपचारिक परेड प्रस्तुत गरेका थिए। रक्षा मन्त्रालयका अनुसार राष्ट्र को सेवा मा आफ्नो विशिष्ट योगदान का लागि तथा उच्च व्यावसायिक मापदण्ड र नौसेना उड्डयन को तारकीय संचालन प्रदर्शन कारु लागि राष्ट्रपति रंग पुरस्कार प्रदान गरिएको हो। विगत सात दशक देखि नौसेना उड्डयनले राष्ट्रका लागि उल्लेखनीय र अभुतपुर्व सेवा प्रदान गर्दै आएको छ।

आफ्नो सम्बोधनको क्रममा राष्ट्रपति कोविन्दले सन् १९७१ मा बंगलादेशको स्वतन्त्रता संघर्ष का क्रममा आईएनएस विक्रान्त ले दिएको गौरवशाली योगदानको स्मरण गर्नुभएको थियो।

यी भारतीय नौसेना विमानले शान्ति स्थापना र मानवीय सहायता र आपदा राहत (एचएडीआर) मा अग्रणी भूमिका निर्वाह गरिरहेको छ। यस विमान ले भारतीयहरुलाई मात्र नभई मैत्री विदेशी राष्ट्रहरुलाई पनि राहत प्रदान गर्दछ।

सरकारको आत्मनिर्भर भारत दर्शनलाई ध्यानमा राखी भारतीय नौसेनाले स्वदेशीकरणका लागि हर सम्भव प्रयास गरेका छन् जसका लागि राष्ट्रपति कोविन्दले तिनको प्रशंसा गर्नुभएको छ। उनले उड्डयन प्रविधि मा भएको महत्वपूर्ण प्रगति, अत्याधुनिक स्वदेशी हतियार, सेन्सर र नौसेना विमानका लागि तथ्यांक को सुविधा को पनि उल्लेख गर्नुभयो। सन् १९५१ मे महिनाको २७ तारिख मा पहिलोपटक भारतीय नौसेना ले राष्ट्रपति रंग प्राप्त गरेका थिए। त्यतिबेला भारत का तत्कालीन राष्ट्रपति डा राजेन्द्र प्रसाद ले यो पुरस्कार प्रदान गर्नुभएको थियो। त्यसपछि दक्षिणी नौसेना कमान, पूर्वी नौसेना कमान, पश्चिमी नौसेना कमान, पूर्वी बेडा, पश्चिमी बेडा, पनडुब्बी हतियार, आईएनएस शिवाजी र भारतीय नौसेना एकेडेमी ले यो पुरस्कार प्राप्त गरेका छन्। सन् १९५१ जनवरी महिनाको १३ तारिख मा नौसेना उड्डयनले पहिलो सामुद्रिक र भूमि विमान प्राप्त गरेका थिए। सन् १९५३ मे महिनाको ११ तारिख मा कोची मा आईएनएस गरुड संचालन मा ल्याइएको थियो। हाल भारतीय नौसेना उड्डयन सँग नौ वटा हवाइ अड्डा, र अण्डमान र निकोबार सहित तीन नौसेना हवाइ क्षेत्र रहेका छन्। विगत सात दशक मा भारतीय नौसेना उड्डयन एक अत्याधुनिक, प्रविधि उन्नत र अत्यन्त शक्तिशाली सेना मा परिणत भएको छ।

यस उड्डयन सँग २ सय ५९ भन्दा बढी समुद्री टोही विमान, हेलिकप्टर र टाढा बाट उडाउन मिल्ने जहाज रहेको छ। आज यस उड्डयन ले सम्पूर्ण सैन्य अभियान संचालन गर्न सक्दछ। सैन्य, कुटनीतिक, सैनिक र अन्य पक्ष मा योगदान दिने भारतीय नौसेना उड्डयन भारतीय सेनाको महत्वपूर्ण अंग बनेको छ। –इण्डिया न्यूज नेटवर्क


कोरोना संक्रमणबाट मुक्त भएपछि पनि ढुक्क नबनौं

- श्वास फेर्न धेरै गाह्रो भए,
- निद्रा नलाग्ने, झर्को लाग्ने, तनाव महसुस भए,
- धेरै थकाई र कमजोरी महसुस भए,
- एकाएक रक्तचाप घटबढ भए,
- थोरै हिड्दा स्वाँ-स्वाँ बढे,

*सचेत बनौं र नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्न ढिला नगरौं ।*

नेपाल सरकार

विज्ञापन बोर्ड


## अफगानिस्तानबाट उद्धार गरिएका नेपाली भारतको क्वारेन्टिनमा

काठमाडौँ । अफगानिस्तानको राजधानी काबुलबाट भारत फर्किएका ११ नेपाली भारतको एउटा केन्द्रमा अनिवार्य क्वारिन्टनमा बसेका छन् । काबुलबाट उद्धार गरिएका २४ जना भारतीयसँगै उनीहरु दुई साता क्वारेन्टिनमा बसेका हुन् । उनीहरुलाई नयाँ दिल्लीको भारत-तिब्बत सीमा प्रहरी ( आईटीबीपी) केन्द्रमा क्वारेन्टिनमा राखिएको छ । भारत सरकारले उनीहरुलाई दुई साताअघि अफगानिस्तानबाट उद्धार गरि नयाँ दिल्ली पुऱ्याएको थियो । कोभिड परिक्षणपछि यही २६ अगस्टमा उनीहरुलाई अनिवार्य क्वारेन्टिनमा राखिएको थियो । कोभिड परिक्षण गर्दा उनीहरु सबैको रिपोर्ट नेगेटिभ आएको थियो । क्वारेन्टिन अवधिभर उनीहरु सबैलाई निःशुल्क खाने, बस्ने, खेल्नेलगायतको व्यवस्था मिलाइएको छ । केन्द्रले क्वारेन्टिन अवधिभर योग अभ्यास गराउनुका साथै मानसिक स्वास्थ्यसम्बन्धी काउन्सेलिङ प्रदान गरेको थियो । अहिलेसम्म केन्द्रमा बंगलादेश, चीन, म्यानमार, माल्दिभ्स, अमेरिका, दक्षिण अफ्रिका र अफगानिस्तानका ४२ जना सो केन्द्रमा क्वारेन्टिनमा बसिसकेका छन् ।

## जिल्ला समाचार

### कोरोनाबाट बाँकेमा थप एकको मृत्यु

नेपालगञ्ज । नेपालगञ्जको भेरी अस्पतालमा थप एक कोरोना संक्रमित रुकुम पश्चिमका ७६ वर्षीया महिलाको मृत्यु भएको छ । भदौ १४ गते पीसीआर गरेर त्यही दिन भर्ना भएकी त्रिवेणी गाउँपालिका वडा नम्बर ६ का ७६ वर्षीया महिलाको सोमबार मृत्यु भएको जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र, बाँकेका फोकलपर्सन तेजबहादुर वलीले जानकारी दिए । योसँगै बाँकेमा उपचार गराउन आएका बाहिरी जिल्लाका ४ सय १ जनाको कोरोनाबाट मृत्यु भएको छ । फोकलपर्सन वलीका अनुसार, सोमबार बाँकेमा २१ जना कोरोना संक्रमित थपिएका छन् । थपिएकामध्ये बाँके जिल्ला निवासी ११ जना रहेका छन् । जिल्लाका तीन वटा ल्याबमा एक सय ५७ जनाको परीक्षण गर्दा २१ जना थपिएका हुन् । भेरी अस्पतालमा एक सय ५ जनाको परीक्षण गर्दा १९ जना, कोहलपुर मेडिकल कलेजमा २३ जनामा एकजना र बागेश्वरी ल्याबमा २९ जनाको परीक्षण गर्दा एक जनामा कोरोना देखिएको हो । बाँकेमा सक्रिय संक्रमित एक सय ७ जना पुगेका छन् । अस्पतालहरुमा १६ जना सिकिस्त, २९ जना मध्यम र चार जनाको भेन्टिलेटरमा उपचार भइरहेको छ । सोमबार पाँचजना डिस्चार्ज भएका छन् ।

### गिद्ध संरक्षणमा हातेमालो जरुरी

मणि प्रसाद गैह्रे, कपिलवस्तु । प्राकृतिको कुचिकारको रुपमा रहेको गिद्ध सरक्षणको लागि सबैले हातेमालो गर्नु पर्ने सरोकारवालाहरुले बताएका छन् । १३औं अन्तर्राष्ट्रिय गिद्ध दिवसको अवसरमा पक्षिं सरक्षण केन्द्रको सहयोग र नेभ्ला कपिलवस्तुको आयोजनामा जगदिशपुर जलाशय क्षेत्रमा आयोजित उक्त कार्यक्रममा सरोकारवालाहरुले यस्तो धारण राखेका हुन् । नेपालमा यस वर्ष प्राकृतिक कुचिकार लोपउन्मुख गिद्धहरुको सरक्षण्मा हातेमालो गरौ भन्ने नाराका साथ यो दिवस मनाइएको हो । पछिल्लो समय गिद्धहरुको वासस्थान नहुंदा तथा केही वर्ष अगाडी सम्म पशुहरुमा डाइक्लोफेनक नामक औषधी प्रयोग गर्दा मुख्य रुपमा गिद्धहरु लोप भएको पशु सेवा विभागका बरिष्ठ पशु चिकिस्सक डा.नन्दलाल वर्माले बताए । सरकारले नेपालमा डाइलोफेनक औषधी पशुहरुमा प्रयोगमा रोक लगाएपनि कतै कतै अझै यस्तो औषधी देदिने हुंदा त्यसलाई सबैको निगरानी राख्नु पर्ने उनले बताए । साथै गिद्धको कारण वातावरण सरक्षण र पारिस्थती प्रणलीमा समेत राम्रो फाइदा हुने हुंदा सयको सरक्षणमा सरकार र सरोकारवालाहरुको दाहित्व रहेको उनवे बताए । त्यस्तै कार्यक्रममा जगदिशपुर ताल सरक्षण बहुक्षेत्रिय म.चका उपाध्यक्ष डा. रसिद खाले ताल तथा यसका सरक्षणमा समितिले काम गदै आएको र गिद्ध सरक्षणमा पनि पक्षी सरक्षण केन्द्रको सहकार्यमा काम गरेको उनले बताए । कार्यक्रममा डिभिजन वन कार्यालयका रमाकान्त शर्माले सामुदासयक वन क्षेत्रमा गिद्धको वासस्थान र वच्चा उत्पादन गर्ने गुण कपिलवस्तुमा रहेको हुंदा त्यसको सरक्षणमा सामुदायिक तथा साझेदारी वन संग मिलेर सहकार्य गर्दे आएको उनले बताए । नेभ्लाका अध्यक्ष परमेश्वर यादवको अध्यक्षता उपाध्यक्ष सुदिप भुषालको स्वागत र सचिव जिवन भुषालको संचालनमा भएको कार्यक्रम गिद्धको अवस्था र सरक्षणमा उपायको बारेमा प्राविधिक खिमबहादु टण्डनले जानकारी गराएका थिए ।

### धम्क्याउादै हिाड्ने युवक पक्राउ

बाँके । कोहलपुर नगरपालिका-११ बसपार्क क्षेत्रमा रहेका होटल तथा पसलहरूमा गई आफू सिआईबीको ईन्सपेक्टर हुँ भन्दै डर त्रास देखाई धम्क्याउदै हिंडेको अभियोगमा सल्यान दार्माकोट गाउँपालिका-२ बस्ने ३२ वर्षीय दिपेन्द्र रोकायलाई शनिबार राति प्रहरीले पक्राउ गरेको छ । उनले होटल तथा पसलहरूमा धम्क्याउँदै सर्वसाधारणलाई अनावश्यक हैरानी दिईरहेको अवस्थामा ईलाका प्रहरी कार्यालय कोहलपुरबाट खटिएको प्रहरीले फेला पारी उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा आवश्यक अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ ।

### चोरीपैठारीको मोबाईल सेटसहित पक्राउ

रौतहट । रौतहट जिल्लाको गौर नगरपालिका २ भन्सार ईलाकाबाट सशस्त्र प्रहरीले करीव १ लाख २५ हजार रुपैयाँ बराबरको चोरीपैठारीको १० थान मोबाईल सेटसहित सोही ठाउँ बस्ने २८ बर्षिय संजय कुमार यादवलाई पक्राउ गरेको छ । भारतबाट अबैध रुपले नेपालतर्फ ल्याउँदै गरेको उक्त मोटवाईल सेटसहित उनलाई सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट गौरबाट खटिएको सशस्त्र प्रहरीले पक्राउ गरेको हो । पक्राउ परेका यादवलाई बरामद मोवाईल सेटसहित आवश्यक कारवाहीको लागि भन्सार कार्यालय गौरमा बुझाईएको छ ।

### वीरगञ्जका दुई वडाध्यक्षले रोजे लोसपा

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाका दुई जना वडाध्यक्षले लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) रोजेका छन् । महानगरको वडा नम्बर ३ का वडाध्यक्ष र वडा नम्बर ३२ का वडाध्यक्षले लोसपामा सनाखत गरेको लोसपाका नेता नेजामुद्दिन समानीले जानकारी दिए । वडा नम्बर ३ का वडाध्यक्ष बैजु स्वर्णकार र ३२ का वडाध्यक्ष रेयाज अहमदले आइतबार महन्थ ठाकुर नेतृत्वको लोसपा रोजेका हुन् । दुबै जना वडाध्यक्षले जिल्ला निर्वाचन कार्यालयमा गएर लोसपाको पक्षमा सनाखत गरेको नेता समानीले बताए । लोसपा रोजेका दुबै जना वडाध्यक्ष ०७४ सालमा भएको स्थानीय तहको निर्वाचनमा साविक राष्ट्रिय जनता पार्टीबाट निर्वाचित भएका थिए । यसैगरि वडा नम्बर ३ का सदस्यहरु बरकतुन नेसा, संगीता कुमारी दास, वडा नम्बर ५ का वडा सदस्य लालबाबु आलम, दलित महिला सदस्य मञ्जु परियार, १६ वडा सदस्य कृष्ण प्रसादले पनि लोसपा रोजेका छन् । अझै केही जनप्रतिनिधिहरु लोसपामा सनाखत गर्ने पक्षमा रहेको तथा उनीहरुको भोलिसम्म सनाखत हुने नेता समानीको भनाइ छ । सरकारले ल्याएको दल विभाजनको अध्यादेश अनुसार जनता समाजवादी पार्टीबाट अलग भएर महन्थ ठाकुरको नेतृत्वमा लोकतान्त्रिक समाजवादी पार्टी गठन भएको छ ।

### साढे १९ केजी गाजासहित युवक पक्राउ

मोरङ । बेलबारी नगरपालिका-१ बस्ने ३५ वर्षीय सन्तोस राई र सोही ठाउँ बस्ने ३० वर्षीय ज्ञानु राज राईलाई करिब १९ केजी ६ सय ५० ग्राम अवैध लागूऔषध गाँजासहित प्रहरीले पक्राउ गरेको छ । मंगलबार बिहान उनीहरूले अवैध लागूऔषध गाँजा बिक्री गर्ने गरेको भन्ने सूचानाको आधारमा ईलाका प्रहरी कार्यालय बेलबारीबाट खटिएको प्रहरीले निजहरुको घर, कोठा खानतलासी गर्दा सन्तोषको कोठाबाट ४ केजी ६ सय ५० ग्राम र ज्ञानुको घर कोठाबाट १५ केजी गरी उक्त परिमाणको अवैध लागूऔषध गाँजा फेला पारी दुवै जनालाई पक्राउ गरेको हो । थप अनुसन्धानको क्रममा उक्त गाँजा धनकुटा शहीद भूमि गाउँपालिका-३ बस्ने २८ वर्षीय महेश्वर राईबाट किनेको भनि खुल्न आएपछि प्रहरीले महेश्वरलाई समेत नियन्त्रणमा लिएको छ ।

### चोरी मुद्दाका फरार प्रतिवादीहरू पक्राउ

कैलाली । चोरी मुद्दाका फरार प्रतिवादी गोदावरी नगरपालिका-५ बस्ने २३ वर्षीय जिवन चौधरीलाई सोमबार प्रहरीले पक्राउ गरेको छ । जिल्ला अदालत कैलालीको २०७६ कात्तिक १८ गतेको फैसलाले चोरी मुद्दामा २ वर्ष ११ महिना ९ दिन कैद र ३० हजार रुपैयाँ जरिवाना ठहर भई फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले सोही नगरपालिका-५ बाट पक्राउ गरेको हो । यसैगरी कैलाली, चोरी मुद्दाका फरार प्रतिवादी भजनी नगरपालिका-१ बस्ने ४३ वर्षीय हरिओम चौधरीलाई सोमबार प्रहरीले पक्राउ गरेको छ । जिल्ला अदालत कञ्चनपुरको २०६३ फागुन ३ गतेको फैसलाले उक्त मुद्दामा १ महिना कैद र १ लाख ६० हजार रुपैयाँ जरिवाना ठहर भई १५ वर्षदेखि फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले सोही नगरपालिका-१ बाट पक्राउ गरेको हो । उनीहरुलाई फैसला कार्यान्वयनका लागि जिल्ला अदालत कैलाली पेश गरिएको जिल्ला प्रहरी कार्यालय कैलालीले जनाएको छ ।

### करेन्ट लागेर मृत्यु

रुपन्देही । सियारी गाउँपालिका-१ पौवागाउँमा रहेको बुस्टर दाना कम्पनीको लागि स्वयाबिन लोड गरी जाँदै गरेको ना.८ ख १५५५ नम्बरको ट्रकमा करेन्ट लागेर सोही ट्रकका सहचालक धादिङ नौबिसे गाउँपालिका-२ खानिखोला बस्ने ३० वर्षीय रिजन मगरातीको मृत्यु भएको छ । मंगलबार दिउँसोसडकमा झुण्डिएका विद्युतका तारहरु बासको डण्डाले उठाउँदै आगाडि बढ्ने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएका उनको सीटी हस्पिटल भैरहवामा उपचारको क्रममा मृत्यु भएको हो ।

## कला/साहित्य

कमल मण्डल



# मैथिली कलाकारितामा स्थापित धर्मेन्द्र



सुनसरी जिल्लाको कोशी गाउँपालिका ६ श्रीपुर स्थायी घर भएका युवा कलाकार धर्मेन्द्र कुमार मेहता छोटो समयमा नै मैथिली कलाकारिता क्षेत्रमा आफ्नो पहिचान स्थापित गराएका छन् । २०७२ सालदेखि कला क्षेत्रमा पाइला टेकेका उनी दर्जनभन्दा बढी गीतको भिडियोको निर्देशन गरिसकेका छन् । उनले निर्देशन गरेको गीतमध्ये दिवाना हम अहिके दिवाना, दर्द दिल हमरा, प्रित लगाके आदि रहेका छन् । जसमा आफ्नो सुमधुर आवाज दिएर सुनमा सुगन्ध थप्ने काम गरेका छन् सुपर स्टार गायक भागवत मण्डल । कलाकार धर्मेन्द्र मेहता गीत संगीत, लेखन, अभिनय, निर्देशनको साथै निर्माताको रुपमा पनि काम गरिसकेका छन् । नेपालमा मात्रै नभएर छिमेकी बिहारको धेरै कलाकारहरुसँग काम गरिसकेका छन् । सुनसरीको कोशी कटान भन्ने ठाउँमा नियमित छायाँकन गर्ने गरेका धर्मेन्द्र कमेडी, म्यूजिक भिडियो तथा फिल्मको कलाकारहरुको जमघट हुने ठाउँको रुपमा पनि पहिचान बनाएका छन् ।
आधा दर्जन जति फिल्ममा निर्माता र अभिनेताको रुपमा पनि काम गरिसकेका छन् । त्यसैगरी खुस लागे बहिनिया, यसोधाके अंगनमा, दुश्मन जमाना, आएल दहेज केहन बिमारी लगायत दर्जनौं गीतको रचना पनि गरेका छन् । स्थानीय एफ.एम. मिडियाहरु र डिजेमा अहिले खुबै तहलका मच्चाएका छन् । यसोधाके अंगनमा बोलको गीत ।
कलाकारीताको सँगै सामाजिक अभियन्ताको रुपमासमेत परिचित रहेका धर्मेन्द्र आउने दिनमा फिल्म निर्माणको सम्पूर्ण काम कोशी कटान गरेको ठाउँमा स्थापित गर्ने योजना रहेको पनि बताएका छन् । जसका लागि फिल्मलाई चाहिने उपकरणहरु ल्याइसकेको पनि जानकारी गराएका छन् ।

# गृह मन्त्रालयको चेतावनी

काठमाडौं । गृहमन्त्रालयले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको स्वाभिमान र सम्मानमा आँच आउने कुनै पनि क्रियाकलाप नगर्न आग्रह गरेको छ । मित्र राष्ट्रहरु विरुद्ध लक्षित हुने गतिविधिलाई नियन्त्रण गर्न र त्यस्ता गतिविधिमा संलग्न हुनेलाई कारवाही गरिने चेतावनी गृहले दिएको छ । विज्ञप्तिमा भारतीय प्रधानमन्त्री मोदीको नाम उल्लेख गरिएको छैन । यद्यपि, दुई दिनअघि काठमाडौंमा माधव नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादीका कार्यकर्ताले मोदीको पुत्ला जलाएको सन्दर्भमा यो विज्ञप्ति जारी गरिएको बुझिएको छ ।
मन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखरेलले जारी गरेको विज्ञप्तिमा भनिएको छ- 'विगत केही दिनयता छिमेकी मित्रराष्ट्रका प्रधानमन्त्रीको प्रतिष्ठामा आँच आउने गरी नाराबाजी गर्ने, जुलुस प्रदर्शन गर्ने र पुत्ला दहन गर्ने गतिविधि प्रति गृह मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ। यस्ता उच्छृङ्खल र निन्दनीय गतिविधि प्रति मन्त्रालय गम्भीर आपत्ति प्रकट गर्दछ ।' 'नेपाल सरकार सबै मित्रराष्ट्रहरुसँग पारस्परिक सम्बन्ध अझ प्रगाढ बनाउन चाहन्छ र नेपाली भूमिमा कुनै पनि राष्ट्र विरुद्धका गतिविधि हुन नदिने विषयमा कटिबद्ध छ मित्रराष्ट्रहरुसँगको स्वाभिमान र सम्मानमा आँच आउने कुनै पनि क्रियाकलाप नगर्न सबैलाई आग्रह गरिन्छ'- विज्ञप्तीमा भनिएको छ । मित्रराष्ट्रहरुसँग उत्पन्न समस्यालाई वार्ता, सम्वाद र कुटनीतिक माध्यमबाट समाधान गरिदै आएको भन्दै भविष्यमा पनि उत्पन्न समस्यालाई वार्ता सम्वाद र कुटनीतिक माध्यमबाटै समाधान गरिने गृहको भनाई छ ।

# सैनिक कूटनीति थप सुदृढ गर्ने अवसरका रुपमा हेरिनुपर्छ

काठमाडौं । नेपाली सेनाले आठ पूर्व प्रधानसेनापतिलाई भारतीय सेनाका तर्फबाट गरिएको निमन्त्रणालाई दुई देशबीचको सैनिक घनिष्ट सम्बन्ध थप सुदृढ तुल्याउने अवसरका रुपमा लिन सकिने स्पष्ट पारेको छ ।
पूर्व प्रधानसेनापतिलाई भारतीय सेनाको निम्ताका सम्बन्धमा राखिएको जिज्ञासामा नेपाली सेनाका प्रवक्ता सन्तोषबल्लभ पौडेलले विगतको अभ्यास र परम्पराअनुसार सैनिक कूटनीति सुदृढ गर्ने अवसरका रुपमा कार्यक्रममा सहभागी हुन उनीहरुलाई निमन्त्रणा प्राप्त भएको बताए । उनले भने, 'नेपाली सेनाले पनि विगतमा सेना दिवसका अवसरमा अवकाशप्राप्त भारतीय सेनाध्यक्षलाई निमन्त्रणा गरेकामा विशेष अतिथिका रुपमा भाग लिइ अवलोकन गर्नुभएको थियो, यो विगतको अभ्यास र परम्परा रही आएको छ । त्यसकै निरन्तरताका रुपमा उनीहरुको निम्तालाई लिन सकिन्छ ।' भारतीय सेनाका मानार्थ महारथी रहेका पूर्व प्रधानसेनापतिलाई भारतीय सेनाकातर्फबाट चिफ कन्क्लेभ सेमिनारका लागि निमन्त्रणा प्राप्त भएको पुष्टि गर्दै प्रवक्ता पौडेलले उनीहरु व्यक्तिगत रुपमा कार्यक्रममा सहभागी हुने जानकारी दिए ।
पूर्व प्रधानसेनापति धर्मपालबरसिंह थापा, प्रज्ज्वलशम्शेर राणा, प्यारजङ्ग थापा, रुक्माङ्गत कटवाल, छत्रमान गुरुङ, गौरव शमशेर राणा, राजेन्द्र थापा र पूर्णचन्द्र थापालाई भारतीय सेनाको दिल्लीमा हुने विशेष कार्यक्रममा सहभागी हुन निमन्त्रणा दिइएको हो । उनीहरुलाई प्राप्त भएको निमन्त्रणका विषयमा नेपाली सेनाले तालुक मन्त्रालयलाई जानकारी गराइसकेको छ । उक्त कार्यक्रममा सहभागी हुने क्रममा भारतीय सेनाको संस्थागत विकासबारे अध्यावधिका साथै आवश्यकताअनुसार सल्लाह सुझाव आदानप्रदान एवं केही अनौपचारिक विषयमा पनि छलफल हुनसक्नेछ ।

# नेपालको विकासमा सहयोग गर्न भारतीय नेतासँग ढकालले गरे आग्रह

काठमाडौं । नेपाल परिवार दलका अध्यक्ष एकनाथ ढकालले नेपालको विकासमा सहयोग गर्न भारतीय नेताहरुसँग आग्रह गरेका छन् । चार दिने भारत भ्रमणका क्रममा ढकालले भारतीय नेताहरुसँग भेटवार्ता गर्ने क्रममा नेपालको विकासमा सहयोग गर्न आग्रह गरेका हुन् । पूर्वमन्त्रीसमेत रहेका ढकालले सार्कलाई क्रियाशील गर्नुपर्ने, क्षेत्रीय शान्ति, सुरक्षा र विकासको लागि उच्चस्तरीय समझदारी हुनुपर्ने लगाएतका धारणा राखेको ढकालको सचिवालयले जनाएको छ । अध्यक्ष ढकालले पूर्वउपराष्ट्रपति हमिद अन्सारी, भारत सरकारका कानुन तथा न्याय केन्द्रीय मन्त्री कीरेन रिजिजु, परराष्ट्र राज्यमन्त्री डा. राजकुमार रंजन सिंह, केन्द्रीय राज्यमन्त्री रामेश्वर तेली, बिजेपीका पूर्वमहासचिव तथा आरएसएसका राष्ट्रिय कार्यकारिणी राम मानव, कांग्रेस नेता मनिशंकर एयर, बिजेपी नेता बिजय जोली, सांसद भुवनेश्वर कालिता, आम आदमी पार्टीका विधायक अजय दत्त लगायतका नेताहरुसँग छुट्टा छुट्टै छलफल गरेका थिए ।

## आर्थिक समाचार

# ग्लोबल आईएमई बैंकको रेटिङमा स्तरवृद्धि

काठमाडौं । नेपालस्थित रेटिङ एजेन्सी इक्रा नेपालले ग्लोबल आईएमई बैंकको रेटिङलाई स्तरवृद्धि गरेको छ । इक्रा नेपालले जारीकर्ता रेटिङलाई [ICRANP-IR] A- बाट [ICRANP-IR] Aतथाहालविद्यामान ऋणपत्रको रेटिंगलाई पनि [ICRANP] LA- बाट [ICRANP] LA- मा स्तरवृद्धि गरेको हो । यस रेटिङगले बैंकको आफ्नो वित्तीय तथा आर्थिक दायित्व समयमा नै पूरा गर्न सक्ने पर्याप्त क्षमता तथा कर्जा जोखिम न्युन रहेको जनाउँछ । बैंकको पर्याप्त तरलता तथा पूँजी कोष, कर्जाको गुणस्तर तथा मिश्रण, बृहत कार्यालय संजाल, स्वस्थ ब्याज आम्दानी तथा आय विवरण, संचालन खर्चमा नियन्त्रण, कुशल जोखिम व्यवस्थापन अभ्यास, बलियो प्रवर्द्धक समूह, अनुभवी बोर्ड तथा व्यवस्थापन नेतृत्व आदि जस्ता तथ्यको आधारमा यस बैंकको रेटिङको स्तर वृद्धि गरिएको हो । ग्लोबल आइएमई बैंकले मुलुकभर तथा मुलुक बाहिर गरी सबै क्षेत्र र वर्गसम्म बैंकिङ्ग सेवाको पहुँच पुऱ्याउने उद्देश्यले ७६ जिल्लामा २८० शाखा, २५० एटीएम, २५७शाखा रहित बैंकिङ्ग सेवा, ४७ एक्सटेन्सनतथा राजश्व संकलन काउन्टर तथा ३ वटा वैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी करिब ८३७ सेवा केन्द्रबाट २३ लाखभन्दा बढि ग्राहकलाई सेवा प्रदान गरिरहेको छ । त्यसैगरी बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङलगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेको छ ।

# आइएमई अटोमोटिभ्स्लाई बेस्ट पर्फमिङ् व्यापार अवार्ड

काठमाडौं । एस्कर्टस लिमिटेड इन्डियाद्धारा आयोजित छैठौं अन्तर्राष्ट्रिय दिवसको अवसरमा आइएमई अटोमोटिभ्सलाई बेस्ट पर्फमिङ् व्यापार अवार्ड प्रदान गरिएको छ । हालै इन्डियामा आयोजित एक विशेष कार्यक्रमवीच एस्कर्टसका प्रमुख कार्यकारी अधिकृत अजय मन्दाहरद्धारा विश्वभरिका एस्कर्टस डिरलशीप मध्ये आइएमई अटोमोटिभ्स नेपाललाई बेस्ट पर्फमिङ् बिजनेश पार्टनरको रुपमा सम्मानित गरिएको छ । अघिलो वर्षमा आइएमईले गरेको मार्केट शेयरको बृद्धि, उत्कृष्ट ग्राहक सन्तुष्ट र एस्कर्टस ब्राण्डलाई नेपालमा स्थापित गर्न ठुलो भुमिका खेलेको हुनाले आइएमई अटोमोटिभ्सलाई यो अवार्ड प्रदान गरिएको प्रमुख कार्यकारी अधिकृतले बताए । आइएमई अटोमोटिभ्स हेभि इक्युपमेन्ट सेग्मेन्ट नेपालमा धेरै कारोबर गर्ने वितरकको रुपमा रहेको अटोमोटिभ्स्का प्रमुख कार्यकारी अधिकृत हेमन्त पुरानिकले बताए । बेस्ट पर्फमिङ् अर्वाड आइएमई अटोमोटिभ्स् टिमको मिहिनेत र कुशल कार्यक्षमता प्रमुख रहेको कुरामा जोड दिँदै सबै टिमलाई यस अवार्डको लागि धन्यवाद पनि दिए । आइएमई अटोमोटिभ्स्ले एस्कर्टस ब्राण्डको ब्याकोहो लोडर, हाइड्रा केन, साथै कम्प्याक्टर सेगमेन्टका मेसिनहरु नेपालभरी बिक्री बितरण गर्दै आएको छ । आफ्नो नेपालभरका ११ वटा शोरुम र शाखाहरुबाट सेल्स, सर्भिस र स्पेयर्सको सुबिधा पनि दिँदै आएको कम्पनीले जनाएको छ । एस्कर्टसको पिक एण्ड क्यारी केन विश्वकै नम्बर १ मेशिन पनि रहेको कम्पनीले जनाएको छ ।

# 'नेपाल एसियाकै स्वीट्जरल्याण्ड'

काठमाडौं । भारतीय प्रख्यात योगगुरु सदगुरुले नेपाललाई 'एसियाको स्वीट्जरल्याण्ड' को उपमा दिएका छन् ।
नेपाली भूभाग लिमि भ्याली हुँदै कैलाश मानसरोवर यात्रामा निस्केका उनी सोही पथबाटै फिर्ता भई काठमाडौं आइपुगेका छन् । सो क्रममा उनले नेपाल पर्यटन बोर्डले राखेको एक अनौपचारिक कार्यक्रममा भाग लिए । सो अवसरमा नेपाल पर्यटन बोर्डका कार्यकारी प्रमुख डा. धनन्जय रेग्मीले स्वागत गरे ।
कार्यक्रममा सदगुरुले नेपाल एसियाको स्वीट्जरल्याण्ड भएको बताएका हुन् । 'नेचर, कल्चर, एडभेन्चर, यहाँ नभएको के छ ? आवश्यक छ त केवल यसको व्यवस्थापन र यसैबाट समृद्धिको यात्रा तय गर्ने चिन्तन,' उनले भने, 'त्यो चिन्तन उजागर हुँदाको दिन नेपालको समृद्धिलाई कसैले रोक्न सक्दैन ।'
सदगुरुले नेपालको समृद्धि पर्यटनबाटै सम्भव भएको बताए । उनले नेपाल प्रकृतिको अनुपम उपहार भएको र स्वर्ग नै यही रहेको बताउँदै भने, 'नेपाल विश्वका अन्य देश जस्तो होइन, यो भूमिमा अलौलिक आनन्द प्राप्त हुन्छ ।' उनले यहाँको मौलिकतालाई जर्गेना गर्दै पर्यटन विकास गर्न सुझाव दिए । योजनाबद्ध विकासविना दिगो विकास सम्भव नभएको भन्दै उनले नेपालका मौलिक कला र संस्कृतिको संरक्षण गर्दै योजनावद्ध विकासमा लैजान समेत पर्यटन बोर्डलाई सुझाव दिएका छन् ।
नेपाल पर्यटन बोर्डका कार्यकारी प्रमुख डा. धनन्जय रेग्मीले कोभिड बीच सदगुरुको नेपाल भ्रमणले नेपालको पर्यटनमा सकारात्मक सन्देश प्रवाह गर्ने बताए । उनले नेपाल र भारतबीचको धार्मिक तथा सांस्कृतिक समानताका कारण नेपाल र भारतबीच सहकार्य गर्न सके दुवै देशले पर्यटनबाट फाइदा लिन सक्ने उनको भनाइ छ । उनले नेपालमा धार्मिक आध्यात्मिक पर्यटन प्रवर्द्धन लागि सदगुरुहरुसँग सहकार्य गर्न पर्यटन बोर्ड तयार रहेको समेत बताए । खप्तड जस्ता ठाउँमा सदगुरुलाई योगा तथा मेडिटेशनका लागि काम गर्न समेत आव्हन गरे ।

## मधेशमा...

दल विभाजनसम्बन्धी अध्यादेशमको बाछिटा मधेश राजनीतिमा पनि देखिएको छ । अब सहजै अनुमान लगाउन सकिन्छ कि मधेशी दललाई यो अध्यादेशबाट सबैभन्दा बढी असर पर्छ । यो अध्यादेशले तत्कालका लागि एमाले वरिष्ठ नेता माधव कुमार नेपाल र महन्थ ठाकुरलाई फाइदा दिएपनि कालान्तरणमा अन्य पार्टीलाई पनि असर गर्ने निश्चित छ । यसको अर्थ देश फेरि अस्थिरताको भूमरीमा फस्ने सम्भावना छ । स्थिरता खोजिरहेका देशमा फेरि अस्थिरता शृङ्खला सुरु हुन्छ ।
अध्यादेशको आडमा अहिले जसरी जसपा फुटेको छ यसको बढ्ता असर उही पार्टीमा देखिने छ । माउ पार्टी फुटाएर नयाँ दल दर्ता गराए सांसद पद गुमाउनुपर्ने जोखिम अध्यादेशले पार लगाइदिएपछि दल विभाजनको होडबाजी चल्ने निश्चित छ । राजनीतिक विभाजनसँगै अस्थितरताको यात्रा सुरु हुने पनि पक्का छ ।
जसरी मधेशी शक्तिको संगठित स्वरूप जसपाको निर्माणले मधेशको मन खुसीले भरिएको थियो त्यसरी नै विभाजनले मन मलिन भएको छ । मधेशको शक्ति कमजोर हुँदा केवल मधेशी दल वा नेतालाई मात्र होइन, मधेश मुद्दालाई समेत कमजोर बनाउँछ । तसर्थ, विभाजनले मधेशमा मधेशी शक्तिको आफ्नो तागत आफ्नै कारणले कमजोर बन्न पुगेको छ ।
मिलेर मुद्दा सम्बोधन गराउनुपर्ने जनादेशविपरीत जसपा स्वार्थका लागि फुटेको हो । मिलेर राज्य सत्तासँग मधेशको मुद्दा सम्बोधन गराउनु पर्ने ठाउँमा आपसी अमेलका कारण मधेशको सवाललाई झन ओझेलमा पारिएको हो । सत्ता स्वार्थका लागि जसपा फुट्दा मधेशको मन रोएको छ । मधेश आन्दोलनमा बलेको आगोको रापले नेताहरुको स्वार्थका कारण आफै जलेका छन् ।

## पाँच...

उब्जनी गरेर बाहिर निर्यात गर्न सकिन्छ । अहिलेको अवस्थामा जुनसुकै उपभोग्य वस्तु पनि हामीले निर्यात गर्नुपर्ने अवस्था छ । तर हाम्रो कृषि क्रान्ति अभियानले यो परनिर्भरताको अवस्थालाई समाप्त गर्नेछ । त्यसको सुरुवात हामीले गरिसकेका छौं ।
हाम्रो यहाँ आवश्यकता धेरै छ, उत्पादन थोरै भइरहेको छ । हामीले आवश्यकताभन्दा बढी उत्पादन गर्ने क्षमताको विकास गरिरहेका छौं । हामीले उत्पादन क्षेत्रलाई यस्तो बनाउँछौं कि अन्य देशबाट आयात गर्ने बाध्यता समाप्त हुन्छ । हाम्रो सरकारले नै यहाँका उत्पादनलाई निर्यात गर्न सक्छ । अहिले हामीसँग खेती गर्ने धेरै पूर्वाधारहरु पनि रहेको छ, त्यसलाई हामीले सदुपयोग गर्न नसकेको मात्रै हो । विगत केही वर्षमा नेपालका ग्रामीण क्षेत्रहरुमा धेरै सुधार भएको छ । यातायात र बिजुलीको पहुँच सहज भएको छ । अब हामीले त्यसको सदुपयोग गर्न जान्नुपर्छ ।
हामीले नेपालबाट के पायौं भन्दा पनि हामीले के दिन सक्छौं, कसरी आर्थिक उन्नतितर्फ नेपाललाई पुऱ्याउन सक्छौं भन्ने उद्देश्यका साथ आफ्नो कर्म गर्न सक्नुपर्दछ । हामीले विदेश गएर धेरै पैसा कमाउँछौं भन्ने सोच त्याग्नुपर्छ । जति मिहेनत र पसिना हामीले खाँडी मुलुक वा विदेशमा गएर बगाउँछौं, त्यसको आधा मिहनेत मात्रै आफ्नो जन्मभूमिमा गर्न सक्यौं भने स्वर्ग बन्छ । हामीले यही राम्रो आम्दानी गर्ने पूर्वाधारको तयारीमा जुटेका छौं ।

# नेपाल-भात पेट्रोलियम पाइपलाइन तेस्रो वर्षमा

काठमाडौं । मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन परियोजना दुई आर्थिक वर्ष पुरा गरी तेस्रो वर्षमा प्रवेश गरेको छ । यसबीच १६ लाख २४ हजार एक सय पाँच किलोलिटर डिजेल आयात भएको छ ।
करिब २० वर्षदेखि चर्चामा रहेको मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन परियोजना तोकिएको समय अगावै निमार्ण कार्य सम्पन्न गरी २०७६ भदौ २४ गते उद्घटन भएको थियो । यो परियोजनाले दुई वर्षको समय पुरा गरि तेस्रो वर्षमा प्रवेश गरेको छ । यो परियोजनाबाट आव २०७६/०७७ मा ४ लाख ८८ हजार ५४८ किलो लिटर, आव २०७७/०७८ मा १ लाख ३ हजार १ सय ५० किलो लिटर तथा २०७८/०७९ हाल सम्म १ लाख ३२ हजार ४ सय ७ किलो लिटर डिजेल आयात भएको छ ।
नेपाल आयल निगमले मोतिहारी अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन परियोजनाबाट डिजल आयात गरी आयल निगमको बाग्मती प्रादेशिक कार्यालय ईन्धन डिपो थानकोट, लुम्बनी प्रादेशिक कार्यालय ईन्धन डिपो भैरहवा, इन्धन डिपो पोखरा तथा १ नं. प्रादेशिक कार्यालय इन्धन डिपो विराटनगरमा स्टक ट्रान्सफर गरिरहेको छ । वीरगञ्ज क्षेत्रबाट मात्रै कुल आयात परिमाणको ६० प्रतिशत ईन्धन आयात हुने गरेको थियो । ट्यांकरमार्फत ढुवानी गर्दा लाग्ने भाडालगायत अन्य ढुवानी शुल्क बापतको रकम बचत भएको छ ।

## काठमाडौं-दिल्ली अब सातामा १० उडान

काठमाडौं । नेपाल नागरिक उड्डयन प्राधिकरणले सेप्टेम्बर महिनाका लागि अन्तर्राष्ट्रिय उडान तालिका सार्वजनिक गरेको छ । नयाँ तालिका अनुसार अब काठमाडौंबाट भारतको राजधानी नयाँ दिल्लीका लागि सातामा १० उडान हुने भएको छ । यसमध्ये नेपाल एयरलाइन्सले दैनिक एक उडान गर्नेछ । भारतीय ध्वजाबाहक एयर इण्डियाले भने यस रुटमा साताको तीन (आइतबार, मंगलबार र शुक्रबार) उडान गर्ने गरी अनुमति पाएको छ ।



**मिथिला दर्शन**
टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।
मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।
**विशेष जानकारीका लागि सम्पर्क**
मोबाइल : ९८४३१४६४८८
कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : रामसु ... कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madl ... gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं